# प्रदेश सरकार
# वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष २०७७/७८)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर

# प्रदेश सरकार
# वार्षिक प्रगति प्रतिवेदन
# (आर्थिक वर्ष २०७७/७८)

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर
२०७८, कात्तिक

आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश नं.१ विराटनगर
नेपाल

# मन्तव्य

आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन, राजस्व सङ्कलनको विश्लेषणात्मक समीक्षा, सो आर्थिक वर्षमा वित्तीय व्यवस्थापनमा गरिएका उल्लेखनीय सुधार, मन्त्रालयगत मुख्य प्रगति, बजेट कार्यान्वयनमा देखिएका समस्या र समाधानका लागि आगामी दिनमा अवलम्बन गर्नुपर्ने विषयवस्तु समेटी आर्थिक वर्ष २०७७/७८ को प्रदेश नं.१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

विश्वव्यापी रूपमा देखा परेको कोभिड-१९ को संक्रमण रोक्न गरिएको बन्दाबन्दीको प्रभावले आर्थिक वर्ष २०७७/७८ को बजेट तथा स्रोत व्यवस्थापनमा समेत दबाब सृजना हुन पुग्यो। प्रदेशको खर्चको आवश्यकता र क्षमता अनुसार स्रोत प्राप्ति नहुँदा स्वीकृत आयोजना वा कार्यक्रमहरुलाई अगाडि बढाउन बजेट व्यवस्थापन चुनौतीपूर्ण रह्यो। प्रदेश सञ्चित कोषमा स्रोत प्राप्ति अनुसार बजेट सन्तुलन, खर्चमा मितव्ययतीता एवम् प्रभावकारिताका कायम गर्न र बजेट तथा कार्यक्रमको लक्ष्य अनुसारको उपलब्धि हासिल गर्न विद्यमान स्रोत साधनलाई प्राथमिकताका साथ उपयोग गरिएको थियो। सोही अनुसार आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनबाट हासिल भएका प्रमुख उपलब्धिहरु, कोभिड-१९ को संक्रमण नियन्त्रण तथा उपचार व्यवस्थापनका लागि गरिएका कार्यहरु समेत यसमा समेटिएको छ।

प्रदेशको सार्वजनिक खर्चको परिमाणात्मक र गुणात्मक पक्षलाई अब्बल बनाउनका लागि विनियोजन कुशलता एवम् कार्यान्वयन क्षमतामा केही कमी कमजोरी रहेको महसुस गरिएको छ। आगामी दिनमा बजेट कार्यान्वयन कार्यदक्षता वृद्धि गर्दै सार्वजनिक खर्चलाई विवेकपूर्ण विनियोजन र दक्षतापूर्ण परिचालन गरी खर्चको उत्पादकत्व बढाउन थप प्रयास गर्नुपर्ने आवश्यकता देखिएको छ। प्रस्तुत वार्षिक प्रगति प्रतिवेदनमा समेटिएको प्रदेश सरकारको आम्दानी, खर्चको अवस्था, विभिन्न मन्त्रालय वा निकायहरूबाट सञ्चालन भएका आयोजना वा कार्यक्रमहरुको प्रगति विवरण सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु। अन्त्यमा, प्रस्तुत प्रतिवेदनका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकायहरू र प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

..........................

इन्द्रबहादुर आङ्बो
मन्त्री

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर, मोरङ

# मन्तव्य

आर्थिक वर्ष २०७७।०७८ को समष्टिगत आर्थिक परिसूचक, राजस्व परिचालन, खर्च व्यवस्थापनको अवस्था र आर्थिक, सामाजिक विकासका प्रमुख सूचकहरु समावेश गरी प्रदेश सरकारको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको आ.व.२०७७/७८ को प्रदेश सरकार प्रदेश नं.१ को आय व्ययको वार्षिक विवरण (प्रारम्भिक)लाई र वार्षिक प्रगति समीक्षा गोष्ठीमा विषयगत मन्त्रालयहरुबाट प्रस्तुत विवरणलाई प्रतिवेदनको आधारको रुपमा लिइएको छ।

प्रस्तुत प्रतिवेदनमा कोभिड-१९माहामारीको कारण अर्थतन्त्रका विविध क्षेत्रमा परेको प्रभाव तथा कोभिड-१९ को संक्रमण रोकथाम न्यूनीकरण र उपचारका लागि गरिएका कार्यहरुको विवेचना गरिएको छ।न्यून वित्तका कारण बजेटमाथि श्रोतको चाप परेको यथार्थतालाई मध्यनजर गरी उक्त चाप व्यवस्थापनका लागि अवलम्वन गरिएका खर्च व्यवस्थापनका उपायले समग्र बजेट प्रणालीको व्यवस्थापनमा सकरात्मक सहयोग प्राप्त भएको छ।बहुवर्षिय आयोजनाहरुको सिर्जित दायित्व भुक्तानी प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहेको छ।बहुवर्षिय आयोजनाहरुमा भइरहेको प्रगतिले क्रमश प्रदेश सरकारको उपादेयता अभिवृद्धि गरेको छ।वित्तिय अनुशासन कायम गर्दै समग्र वित्तिय व्यवस्थापनका लागि प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयकको मस्यौदा तयार गरी प्रदेश सभामा पेश गरिएको छ। बजेट सन्तुलन एवं खर्चको प्रभावकारिताको लागि सार्वजनिक खर्चमा मितव्ययीता कायम गरिएका कारण संञ्चित कोषमा सकारात्मक प्रभाव पर्दै गएको छ।आगामी समयमा बजेट कार्यान्वयन क्षमता सुदृढ बनाउँदै सार्वजनिक खर्चलाई दक्षतापुर्ण तवरले परिचालन गरी उत्पादकत्व बढाउन थप प्रयास गर्नुपर्ने आवश्यकता देखिएको छ।

अन्त्यमा प्रदेश सरकारका बारेमा अद्यावधिक जानकारी राख्न चाहने सबैको लागि यो प्रतिवेदन उपयोगी हुने विश्वास लिएको छु। यो प्रतिवेदन तयार गर्न आवश्यक सूचना एवं तथ्यांक उपलब्ध गराईसहयोग गर्ने सबै विषयगत मन्त्रालय र निकायहरु तथा यस मन्त्रालयका संलग्न सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु।

.................

सुमन दाहाल

प्रदेश सचिव

# विषय सूची

| विषय | पाना नं. |
|---|---|

परिच्छेद एक ........ १
प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति ........ १
१.२ सरकारी वित्त स्थिति ........ १
परिच्छेद दुई ........ ३
राजस्व परिचालन तथा अनुदान प्राप्ति ........ ३
२.१ राजस्व संकलन तथा अनुदान ........ ३
परिच्छेद तीन ........ ६
बजेट विनियोजन र खर्च स्थिति ........ ६
३.१ पृष्ठभूमि ........ ६
३.२ शीर्षकगत खर्चको स्थिति ........ ८
३.३ खर्चको स्रोतगत विश्लेषण ........ ११
३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति ........ १३
३.५ चार आर्थिक वर्षको चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण ........ १४
३.६ वैदेशिक सहायता परिचालन तथा लागत साझेदारी ........ १५
३.७ निष्कर्ष ........ १६
परिच्छेद चार ........ १८
स्थानीय तहमा वित्तीय हस्तान्तरण ........ १८
४.१ पृष्ठभूमि ........ १८
४.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण ........ १८
परिच्छेद पाँच ........ २०
क्षेत्रगत मन्त्रालय/निकाय र प्रगतिको अवस्था ........ २०
५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २०
५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ २१
५.३ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय ........ २२
५.४ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ........ २४
५.५ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ २७
५.६ भौतिक पूर्वाधार विकास मन्त्रालय ........ २८
५.७ सामाजिक विकास मन्त्रालय ........ ३१
५.८ प्रदेश सभा सचिवालय ........ ३७
५.९ प्रदेश लोकसेवा आयोग ........ ३७
५.१० प्रदेश योजना आयोग ........ ३८

परिच्छेद आठ ........................................................................................................ ३८
कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण .................................................................... ३८
    ८.१ कर सहुलियत सुविधा तथा छुट.............................................................................. ३८
    ८.२ खर्च व्यवस्थापनमा गरिएका प्रबन्ध.......................................................................... ३९
परिच्छेद नौ.......................................................................................................... ३९
बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण ......................................................... ३९
परिच्छेद दश ......................................................................................................... ४०
बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू........................................ ४०
    ९.१ बजेट तर्जुमामा देखिएका समस्याहरू ..................................................................... ४१
    ९.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू................................................................ ४२
    ९.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या..................................................... ४३
    ९.४ बजेट तर्जुमामा गर्नु पर्ने सुधारहरू ........................................................................ ४३
    ९.५ बजेट कार्यान्वयनमा गर्नु पर्ने सुधारः .................................................................... ४४
    ९.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू ............ ४६
    ९.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू............ ४८

# अनुसूचीहरू

अनुसूची-१ .......................................................................................................... ५२
    आ.व.२०७७/७८ को कायम बजेट विनियोजन.......................................................... ५२
अनुसूची- २.......................................................................................................... ५३
    आ.व. २०७७/७८ को बजेट समर्पण विवरण........................................................... ५३

# परिच्छेद एक

## प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### १.१ वास्तविक क्षेत्र

- प्रदेश नं.१को आ.व.२०७७/७८ को कुल गार्हस्थ्य उत्पादन (उत्पादन मूल्यमा) ६ खर्ब ६३ अर्ब ६० करोड छ। जुन नेपालको कुल गार्हस्थ्य उत्पादनको १७.७ प्रतिशत हो।
- केन्द्रिय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रमा योगदान ३५.२ प्रतिशत रहेको छ। यस प्रदेशको आर्थिक वृद्धि दर ३.५४प्रतिशत रहेको छ।
- भू-स्रोत व्यवस्थापन हिसाबले खेतीका लागि उपयुक्त जमिन तराई र भित्री मधेसमा १७.१६ प्रतिशत छ। यस प्रदेशमा वनको क्षेत्रफल ४३.७८ प्रतिशत रहेको छ।पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपात निम्ति २४ प्रतिशत, र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति १५ प्रतिशत उपयुक्त छ। यस प्रदेशको झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ।
- प्रदेशमा कुल ठूला र मझौला उद्योगको संख्या ७९१ र कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १९.९२ प्रतिशत रहेको छ।यस मध्ये विदेशी लगानीमा साना ६१, मझौला ४३ र ठूला २५ गरी जम्मा १३१ उद्योगमा ३१८८ करोड लगानी स्वीकृत भएको देखिन्छ। उद्योग क्षेत्रमा प्रदेशमा ८० हजार ८ सय ४८ ले रोजगारी पाएका छन्।
- जल र ऊर्जामा यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ। १७ स-साना आयोजनाबाट हाल २८० मेगावाट विद्युत् उत्पादन भइरहेको छ जुन नेपालको समग्र उत्पादनको २०.२० प्रतिशत हो। शिलान्यास भएको अरुण-३ को निर्माण पश्चात् यो प्रदेश जलविद्युत उत्पादनका दृष्टिले सम्भावनायूक्त प्रदेश रहेको छ ।
- प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ। ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ। खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र मित्रराष्ट्रमा समेत निर्यात गर्ने हैसियत राख्दछ। धान, मकै, कोदो, फापर, गहुँ र जौमा ६ लाख ६१ हजार मेट्रिक टनभन्दा बढी बचत हुन्छ।
- यो प्रदेशमा १२,७८९ कि.मि. पूर्व-पश्चिम र उत्तर दक्षिण रणनीतिक सडक छन् जुन नेपालको २०.११ प्रतिशत सडक हो र जसमध्ये ६,२७४ कि.मि. प्रादेशिक सडक र ६,५०८ कि.मि.स्थानीय सडकमा पर्दछन्। यस प्रदेशका १३ वटा विमानस्थल मध्ये विराटनगर र भद्रपुर अतिरिक्त चालू अवस्थाका ८ वटा साना विमानस्थल छन्।

### १.२ सरकारी वित्त स्थिति

#### १.२.१ खर्च तथा राजस्व

- आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं.१ प्रदेश सरकारको कुल खर्च रू.२७ अर्ब ९५ करोड १२ लाख रहेको छ। चालु खर्च,पूँजीगत खर्च र स्थानीय तहमा वित्तीय हस्तान्तरण वापतको खर्च क्रमशः

रू.९ अर्ब २१ करोड ४४ लाख,रू.१५ अर्ब ८६करोड ६० लाख र २ अर्ब ८७ करोड ८ लाखरहेको छ।

- समीक्षा वर्षमा प्रदेश नं.१को प्रदेश सञ्चित कोषमास्रेस्ता अनुसार रू.२९अर्ब९६ करोड२९ लाखकुल आम्दानी भएको छ। यस्तो आम्दानी अघिल्लो वर्ष रू.२८ अर्ब ६९ करोड६६ लाख भएको थियो।
- RMIS मा देखिएको सवारी साधन कर मध्ये आषाढ २१ देखि आषाढ मसान्तसम्मको संकलित रकम पछिल्लो आर्थिक वर्षमा बाँडफाँट हुने गरेको र वन रोयल्टी शीर्षकको रकम नेपाल सरकारले बाँडफाँट गरेपछि मात्र प्रदेश सञ्चित कोषमा प्राप्ति हुनेछ।

### १.२.२ अनुदान बचत/नगद मौज्दात

प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार रू.२९ अर्ब ९६ करोड २९ लाख प्राप्ति भई रू.२७ अर्ब ९५ करोड १२ लाख खर्च भई सञ्चित कोषको मौज्दात रु.२ अर्ब १ करोड १६ लाख रहेको छ। सञ्चित कोष मौज्दात मध्ये आ.व.२०७७/७८ मा संघीय सरकारबाट प्राप्त भएको अनुदान खर्च नभई बाँकी रहेको रु.१ अर्ब ९० करोड ६ लाख रकम आ.व.२०७८/७९ मा संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने प्रारम्भिक प्रतिवेदनको तथ्याङ्क रहेको छ।

# परिच्छेद दुई

# राजस्व परिचालन तथा अनुदान प्राप्ति

## २.१ राजस्व संकलन तथा अनुदान

आर्थिक वर्ष २०७७/७८ मा ४० अर्ब ८९ करोड ९९ लाखको बजेटमा रू.१४ अर्ब ७८ करोड ६१ लाख राजस्व संकलन हुने अनुमान गरिएको थियो। संघीय सरकारबाट प्राप्त हुने अनुदानमा रू.१५ अर्ब ११ करोड ३८ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएको थियो। नगद मौज्दात रु.६ अर्ब बचत हुने अनुमान गरिएको र न्यून वित्त पूर्ति गर्न रु. ५ अर्ब नेपाल सरकारसँग ऋण लिने लक्ष्य राखी स्रोत कायम गरिएको थियो। यस अवधिमा विभिन्न शीर्षकहरूमा संकलन भएको राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१ राजस्व संकलनको अवस्था (स्रोत परिचालनको RMIS अनुसार विवरण)**

(रकम रू. हजारमा)

| क्र.सं. | शीर्षक | आ.व.२०७६/७७ | | | आ.व.२०७७/७८ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रतिशत | लक्ष्य | प्रगति | प्रतिशत | |
| १. | आन्तरिक राजश्व | ३८४९९१० | २४६६२२२ | ६५% | ४७५०७४७ | ३४९७१०४ | ७४% | ४१.८ |
| २. | राजश्व बाँडफाँट | १०५२६७९७ | ६४६२४७७ | ६१% | १००३५४०० | ८७७१४३० | ८७% | ३५.७ |
| ३. | निकासा फिर्ता, बेरुजु असुली, मौज्दात | ६६१६३०० | ४८०३२१ | - | ६०००००० | ७४३८०३ | - | - |
| ४. | वित्तीय समानीकरण अनुदान | ८१६३३०३ | ८१६३३०० | १००% | ७९९८४०० | ७९९८४०० | १००% | -२ |
| ५. | सशर्त अनुदान | ७०४४१०० | ८५२७८३८ | १२१% | ५७३७७०० | ८२३४२२० | १४४% | -३.४ |
| ६. | समपूरक अनुदान | ४०००००० | ७५३८०० | १९% | ८४२७०० | ८४२७०० | १००% | ११.८ |
| ७. | विशेष अनुदान | २०००००० | ५४५००० | २७% | ५३५००० | ५३५००० | १००% | -१.८ |
| ८. | नेपाल सरकारसँग ऋण | - | ० | - | ५०००००० | ० | - | - |
| | **जम्मा** | ४२२००४१० | २७३९८९५८ | ६५% | ४०८९९९४७ | ३०६२२६५७ | ७५% | ११.८% |


**(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)**

माथिको तालिका नं.२.१ अनुसार यस आर्थिक वर्षमा राजस्व तथा अनुदानबाट जम्मा रु.३० अर्ब ६२ करोड २६ लाख संकलन भएको **RMIS** को विवरणले देखाएको छ। **RMIS** मा संकलन देखाएको रकम मध्ये

आषाढ २१ देखि आषाढ मसान्तसम्मको संकलित सवारी साधन कर पछिल्लो आर्थिक वर्षमा बाँडफाँट हुने गरेको र वन रोयल्टी शीर्षकको राजस्व संघबाट बाँडफाँट भई प्राप्त हुने भएकोले प्रदेश सञ्चित कोषमा पछिल्लो आ.व.मा मात्र प्राप्ति हुन्छ। आन्तरिक राजस्व र राजस्व बाँडफाँटमा गत वर्षको तुलनामा उल्लेख्य वृद्धि भई प्रदेश सञ्चित कोषमा प्राप्ति हुने आय गत वर्षको तुलनामा वृद्धि भएको देखिएतापनि नगद मौज्दात अनुमान अनुसार नरहेको र नेपाल सरकारसँग ऋण प्राप्ति गर्न प्रक्रियागत कठिनाईका कारण प्राप्ति नभएको हुँदा लक्ष्य अनुसार स्रोत संकलन हुन सकेन। संघ सशर्त अनुदानमा थप रु.२अर्ब ५० करोड ८६ लाख रकम प्राप्त भएको हुँदा स्रोत व्यवस्थापनमा केही सहज भएको देखिन्छ। संघबाट वित्तीय समानीकरण, सशर्त र विशेष अनुदान स्रोतमा गत वर्षको तुलनामा कम अनुदान प्राप्त भएको देखिन्छ। प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित रहेको हुँदा प्रदेशको खर्चको आवश्यकता र कार्यक्षेत्र अनुसार स्रोत परिचालनका लागि प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको हिस्सा बढाउन आवश्यक रहेको छ।

**रेखाचित्र २.१ आ.व.२०७७/७८ मा राजस्व तथा अनुदान प्राप्तिको तुलनात्मक विवरण**

(कुल प्राप्तिको तुलनामा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

माथिको चित्रअनुसार प्रदेशको कुल आयस्रोतमा संघबाट प्राप्त हुने अनुदानको हिस्सा सबैभन्दा बढी (५७.५ प्रतिशत) रहेको छ। चार वटा अनुदान प्राप्ति मध्ये सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा ५५ प्रतिशत रहेको छ। भने वित्तीय समानीकरण अनुदान ४५ प्रतिशत मात्र रहेको छ। शर्त तोकिएर आयोजना/कार्यक्रममा बजेट प्राप्त हुने रकम भन्दा वित्तीय समानीरण अनुदानको प्रतिशत कम देखिएको छ।संघ अनुदान बाहेक राजस्व तर्फ प्रदेश सरकारको स्रोत ४२.५ प्रतिशत संकलन भएको छ।

**तालिका २.२ प्रदेशको आन्तरिक राजस्वको शीर्षकगत विश्लेषण**

रकम रु. हजारमा

| क्र.सं. | विवरण | आ.व.२०७७/७८ को वार्षिक लक्ष्य | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १. | बाँडफाँटबाट प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन दस्तुर | १३१५१२२ | ९४५०९३ | १३८९७३२ | ४७% |
| २. | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १५४०४२५ | ७६६०९० | ११२५३३२ | ४७% |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धीदस्तुर | ६८०००० | ३१९१८४ | ३६९१०० | १६% |
| ४. | बाँडफाँड भई प्राप्त दहत्तर बहतर (ढुङ्गा, गिट्टी, वालुवा, प्राकृतिक स्रोत विक्री) शुल्क | ५००००० | १९७५६९ | ३३७६३२ | ७१% |
| ५. | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २५०००० | ८६९०० | १४२३१८ | ६४% |
| ६. | यातायात क्षेत्रको आम्दानी | १५०००० | ७३९६२ | ९००१४ | २२% |
| ७. | प्रशासनिक सेवा शुल्क | ११७२०० | ५६४८४ | ३०६८५ | -४६% |
| ८. | दण्ड जरिवाना र जफत, विविध राजस्व | ३०५०० | ९८५७ | ५४०७ | -४५% |
| ९. | वस्तु तथा सेवा विक्रि, बहालबाट प्राप्त रकम | ११२५०० | ९११९ | ५०६८ | -४४% |
| १०. | मनोरंजन तथा विज्ञापन कर | ५३५०० | १९७३ | १८१५ | -८% |
| ११. | पर्यटन तथा पदयात्रा शुल्क | १५०० | ० | ० | - |
| | **जम्मा** | ४७५०७४७ | २४६६२३१ | ३४९७१०३ | ४१.८% |

स्रोत प्रदेश लेखा नियन्त्रक कार्यालय

माथिको तथ्याङ्क विश्लेषण गर्दा प्रदेशको आन्तरिक राजस्वको प्रमुख स्रोतको रुपमा रहको सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, यातायात क्षेत्रको शुल्क, दहत्तरबहत्तर शुल्कमा उल्लेखनिय वृद्धि भएको छ। कोभिड-१९ को कारण समयमै कर तिर्न तथा नविकरण गर्न नसकेका सवारी साधन कर तथा व्यवसाय नविकरण दस्तुरमा छुट/सहुलियत प्रदान गरेपछि अघिल्लो वर्षको तिर्न बाँकी कर/शुल्क समेत यस आर्थिक वर्षमा प्राप्ति भएकोले पनि राजस्वमा वृद्धि हुन गएको हो। प्रशासनिक सेवा शुल्क लगायत अन्य आयमा भने कमी हुँदै गएको देखिन्छ। कोभिड-१९ को बन्दाबन्दीको कारण विकास निर्माण/कार्यक्रम कार्यान्वयनमा कमी भएको कारण सेवा शुल्क तथा दस्तुर संकलनमा कमी आएको हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश आर्थिक ऐन, २०७७ अनुसार स्थानीय तहबाट संकलन भई प्रदेशलाई समेत प्राप्त हुनुपर्ने मनोरंजन कर तथा विज्ञापन करको बाँडफाँट भई कतिपय स्थानीय तहबाट प्राप्त भएको छैन। प्रदेश आर्थिक ऐनमा उल्लेख रहेको पर्यटन तथा पदयात्रा शुल्क संकलन हुन सकेको छैन।

घरजग्गा रजिष्ट्रेशन शुल्क अघिल्लो आ व को संकलन यस आ व मा बाँडफाँटमा भई प्राप्त भएकोले RMIS मा यस आर्थिक वर्षमा प्रविष्टि भएको हुँदा र घरजग्गा रजिष्ट्रेशनको दर र दायरामा पुनरावलोकन गरिएको साथै कारोबार समेत वृद्धि भए अनुसार अघिल्लो वर्षको भन्दा बढी संकलन भएको हो।

घरेलु तथा साना उद्योग कार्यालयहरुमा व्यवसाय रजिष्ट्रेशन तथा नविकरण शुल्कमा दर तथा दायरा विस्ता भएको, प्रशासनिक सुदृढीकरणबाट राजस्व संकलनमा वृद्धि भएको छ।

# परिच्छेद तीन

# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ पृष्ठभूमि

आर्थिक वर्ष २०७७/७८ मा कोरोना महामारी लगायत सबै प्रकारका रोगबाट जनताको जीवन रक्षा गर्ने; नागरिक जीवनलाई सुरक्षित र भरोसा योग्य बनाउने; कोरोना महामारीले अर्थतन्त्र र अन्य क्षेत्रमा पारेको प्रभावको न्यूनीकरण गर्दै ती क्षेत्रहरुमा पुनर्जीवन दिन नीति र स्रोत बीच सामन्जस्यता कायम गर्ने; स्वास्थ्य, शिक्षा, रोजगार र विकास मैत्री नीतिगत अन्तर आबद्धता बढाई लोक कल्याणकारी राज्यको उपस्थितिको अनुपूभि गराउने; उपलब्ध स्रोत र साधनहरुको अधिकतम उपयोग तथा मितव्ययी र प्रभावपूर्ण खर्च प्रणालीको अबलम्बन द्वारा पूर्वाधार, आर्थिक तथा सामाजिक क्षेत्रको प्रभावकारीता अभिवृद्धि गर्ने; सार्वजनिक सेवाको प्रभावकारिता, पारदर्शिता, सुशासन र जवाफदेहिता मार्फत नागरिक सुरक्षा र सामाजिक न्यायको प्रत्याभूति गर्ने उद्देश्य सहित बजेट प्रस्तुत भएको थियो।

बजेटले कोरोना लगायत सबै प्रकारका रोग र जोखिमबाट सबै नागरिकलाई सुरक्षित राख्न र स्वास्थ्य सेवा पहुंच अभिवृद्धि गर्न विश्वसनीय स्वास्थ्य सेवाको विस्तार र स्वास्थ्य पूर्वाधार विकास, कोभिड १९ को कारणले आन्तरिक रोजगारीमा आएको कमी र वैदेशिक रोजगारीबाट फर्कनेहरुको लागि रोजगारीको उपलब्धताको लागि रोजगार सिर्जना गर्ने अन्तर क्षेत्रगत समन्वय संयन्त्रको विकास, जनताको आय अभिवृद्धि, रोजगारी सिर्जना र आत्मनिर्भरताको विकास गर्न प्राविधिक र सीपमूलक शिक्षामा जोड दिदै यसको कृषि, पर्यटन र उद्योग लगायतका क्षेत्रसंग अन्तरआबध्दता, स्वच्छ खानेपानी र आवासको व्यवस्था, सडक, सिंचाई, यातायात, शहरी पूर्वाधार एवम् सूचना प्रविधिको विकास र विस्तार; लैंगिक समानता र समावेशीकरण, प्राकृतिक प्रकोपको असर न्यूनिकरण र पर्यावरण संरक्षण; नागरिक मैत्रीय शासन प्रणाली; सहकारिता समन्वय र सह अस्तित्वको अवधारणालाई थप मुर्तरुप दिन नेपाल सरकार र स्थानीय तह संग दरिलो पारस्परिक साझेदारीताको विकास; नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकता परिपूर्ति गरी राज्यको लोककल्याणकारी भूमिका बढाउन योगदान वृद्धि; संघिय सरकारको उत्थानशील, समुन्नत, स्वाधीन, समृद्ध एवम् समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने उद्देश्यमा योगदान; स्रोत परिचालन र सामाजिक मुद्दाहरुमा अपेक्षित परिणामको सुनिश्चितताको लागि निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्र सँग सहकार्य गर्ने गरी प्राथमिकता निर्धारण गरेको थियो।

### ३.१.१ कुल वार्षिक विनियोजन र खर्चको स्थिति


**तालिका ३.१ प्रदेश नं.१को आर्थिक वर्ष २०७७/७८को विनियोजन र खर्च** (रू.हजारमा)

| बजेट | कुल विनियोजन | कुल विनियोजन सँगको अनुपात प्रतिशत | कुल खर्च | कुल खर्चसँगको अनुपात प्रतिशत | विनियोजनकोतुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | १७६०६८१९ | ४०.५६ | १२०८५२१२ | ४३.२४ | ६८.६३ |
| पूँजीगत | २५७६१७३१ | ५९.३५ | १५८६६०४९ | ५६.७६ | ६१.५८ |
| वित्तीय व्यवस्था | ४०० | ०.०९ | ०.० | ० | ० |
| जम्मा | ४३४०८५५० | १०० | २७९५१२६१ | १०० | ६४.३९ |

*(स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय (आ.व.२०७७/७८ को प्रदेश नं.१को आय र व्ययको वार्षिक विवरण (प्रारम्भिक))*

तालिका ३.१ अनुसार प्रदेशको कुल विनियोजनको तुलनामा ६४.४ प्रतिशत खर्च भएको छ। जुन अघिल्लो आर्थिक वर्षको खर्च प्रतिशतभन्दा कम हो। आर्थिक वर्ष २०७६/७७ मा कुल विनियोजनको करीव ६९ प्रतिशत खर्च भएको थियो। आ.व.२०७७/७८ मा प्रदेश नं.१को सुरु विनियोजन रु.४०अर्ब ८९ करोड ९९ लाख ४७ हजार रहेकोमा संघ सशर्त अनुदानमा रु.२ अर्ब ५० करोड ८६ लाख ३ हजार थप भई जम्मा विनियोजन रु.४३ अर्ब ४० करोड ८५ लाख ५० हजार कायम भएको छ। मन्त्रालयगत सुरु विनियोजन र थप बजेट सहित कायम बजेटको विवरण अनुसूची -१ मा प्रस्तुत गरिएको छ।प्रदेशको घाटा बजेट र कोभिड -१९को कारण स्रोत प्राप्तिमा न्यून हुन गई अघिल्लो आर्थिक वर्ष २०७६/७७ को भुक्तानी बाँकी (करिब रु.३ अर्ब २२ करोड भुक्तानी बाँकी रहेकोमा अधिकांशको क्रमागत आयोजना/कार्यक्रमबाट भुक्तानी गरिएको, जसमध्ये रु.९१ करोड ५६ लाख १० हजार भुक्तानी बाँकीको कच्चावारी प्रमाणित गरी यस आ. व. को विनियोजनबाट संशोधन गरी भुक्तानी गरिएको) र अघिल्लो वर्षमा प्राप्त भई खर्च नभएको संघ अनुदान फिर्ता (रु.२ अर्ब ८५ करोड ४६ लाख) समेतको दायित्व आ.व.२०७७/७८ मा थप भएको हुँदा प्रदेशको न्यून वित्तीय स्रोत (रु.६ अर्ब नगद मौज्दात लक्ष्य रहेकोमा मौज्दात नरही भुक्तानी बाँकी रहेको, रु.५ अर्ब नेपाल सरकारसँग ऋण लिने गरी स्रोत बजेट तर्जुमा भएता पनि प्रक्रियागत अन्यौलताका कारण प्राप्ति नभएको) को अनुमान अनुसार बजेट व्यवस्थापन र सन्तुलन कायम गर्न प्रदेश सरकार र वित्तीय समानीकरण स्रोतमा विनियोजनको आधाबाट खर्च व्यवस्थापन गर्न प्रदेश सरकार (म.प.) बाट नीतिगत निर्णय भए अनुसार विषयगत मन्त्रालयहरुको जम्मा रु.१२ अर्ब ११ करोड ८४ लाख बजेट समर्पण भई रोक्का गरिएको थियो। बजेट समर्पण/रोक्का गरिएको मन्त्रालयगत विवरण अनुसूची -२ मा उल्लेख रहेको छ। कायम बजेटको तुलनामा खर्चको प्रतिशत कम देखिएतापनि बजेट रोक्का/समर्पण बाहेकको विनियोजन रु.३१अर्ब २९ करोड १ लाखको तुलनामा जम्मा खर्च ८९.३ प्रतिशत रहेको छ। बहुवर्षीय र निर्माणाधीन आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न पर्याप्त बजेट व्यवस्था हुन सकेन। विनियोजन अनुसार स्रोत प्राप्ति भएमा खर्चमा अझ प्रगति हासिल हुने देखिन्छ।

**रेखाचित्र ३.१ चालु र पूँजीगत खर्चको अवस्था**




तालिका ३.१ मा प्रदेशको न्यून वित्तीय स्रोत परिचालन र खासगरी कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण गर्न अवलम्बन गरिएको बन्दाबन्दी लगायतका क्रियाकलापका कारण बजेटमा समावेश भएका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रभावित भएकोले पूँजीगत खर्चमा कमी आएको हो। तलव, भत्ता,प्रशासनिक खर्च,कार्यक्रम तथा अनुदान खर्च, स्थानीय तहमा अनुदान हस्तान्तरण,गत वर्षको बचत संघ अनुदान फिर्ता जस्ता अनिवार्य दायित्वका खर्चहरूमा कमी नआएका कारण चालु खर्चमा कमी आउन सकेन। त्यस्तै कोभिड-१९ को संक्रमण नियन्त्रण तथा उपचार व्यवस्थापन, स्वास्थ्य मापदण्डका लागि सामाग्री खरिद लगायतमा थप दायित्व सिर्जना भई चालु खर्चमा १ प्रतिशतले वृद्धि भएको छ। पूँजीगततर्फ भने विनियोजनको आधाबाट खर्च व्यवस्थापन, बन्दाबन्दीको समयमा काम स्थगित, कामदार, निर्माण सामाग्रीको उपलब्धता नहुनु जस्ता कारणबाट गत वर्षभन्दा ११.२ प्रतिशले कमी आई कुल विनियोजनको ६१.५ प्रतिशत खर्च हुन पुगेको छ। विकास खर्च प्रभावित हुनुमा केही परम्परागत कारणहरू जस्तै खरिद ठेक्का व्यवस्थापन, वन क्षेत्रको प्राप्ति, जग्गा प्राप्ति, निर्माण सामाग्रीको उपलव्धता, निर्माण व्यवसायीबाट हुने ढिलासुस्ती, आयोजना प्रभावितसँगको विवाद, कानूनी विवाद र दक्ष जनशक्तिको अभाव रहेका छन्।समग्रमा प्रदेशको सरकारी खर्च अघिल्लो आर्थिक वर्षभन्दा ६.३ प्रतिशतले कम रहन पुगेको छ।निकायगत/मन्त्रालयगत खर्च विश्लेषण गर्दा पूर्वाधार क्षेत्रसँग सम्बन्धित मन्त्रालयहरूको खर्च राम्रो रहेको छ। विनियोजनको बढी अंश चालुतर्फ भएका मन्त्रालय/निकायको खर्च केही सन्तोषजनक रहेको छ।

## ३.२ शीर्षकगत खर्चको स्थिति

आ.व.२०७६/७७ र २०७७/७८ मा समेत चालु र पूँजीगत खर्चको शीर्षकहरुमा विनियोजन गरिएको रकम मध्ये कोभिड-१९ संक्रमण रोकथाम तथा उपचार व्यवस्थापनको लागि स्रोतको जोहो गर्न तालिम/गोष्ठी/कार्यक्रम खर्च, सवारी साधन, मेशिनरी औजार, फर्निचर तथा फिक्चर्स लगायतका विभिन्न खर्च शीर्षकहरुको बजेट आंशिक वा पूर्ण रुपमा रोक्का गरिएको थियो।यस्तै गरी चालुतर्फको कतिपय प्रशासनिक खर्च र पुँजीगत तर्फ सवारी साधन तथा सामाग्री खरिद लगायतमा समेत आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी रकमबाट खर्च गर्ने परिपाटी विद्यमान रहेको हुँदा आर्थिक संकेत वर्गीकरण अनुसार हुनुपर्ने खर्चको यथार्थ तथ्याङ्क प्राप्त हुन सकेको छैन। प्रदेश सरकारको आय व्ययको विवरणमा प्राप्त तथ्याङ्क अनुसार चालु र पूजीगत तर्फ खर्चशीर्षकगत रुपमा भएको खर्चको तुलनात्मक विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ३.२ चालु खर्चको शीर्षकगत विश्लेषण (रू.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | तलव भत्ता तथा पारिश्रमिक | २०२६०५८ | १९३७५२७ | -४.४ |
| २ | कार्यालय सञ्चालन र मसलन्द | ४००२७२ | ४६७६३१ | १६.८ |
| ३ | सेवा परामर्श तथा करार सेवा शुल्क | २४३७९० | ३८७०५९ | ५८.८ |
| ४ | तालिम तथा गोष्ठी खर्च | ३८५०१० | १५२०४४ | -६०.५ |
| ५ | कार्यक्रम खर्च | १०४१८२२ | १०३५६३० | -०.६ |
| ६ | अनुगमन तथा मूल्याङ्कन खर्च | ८७४०८ | ६५१३० | -२५.५ |
| ७ | भ्रमण खर्च | ७०२०४ | २१९१६ | -६८.८ |
| ८ | विविध | ३९७४९ | ४१२४७ | ३.८ |
| १० | व्यक्ति/संस्थालाई चालु र पूँजीगत अनुदान/सहायता | ११८३३७२ | १५४५६५९ | ३०.६ |
| ११ | वित्तीय हस्तान्तरण र अनुदान | ५८२५०४१ | २८७०७९८ | -५०.७ |
| १२ | सरकारी निकाय समिति र वोर्डलाई अनुदान | ३४८८६६ | ३२४१८३ | -७.१ |
| १३ | सामाजिक सुरक्षा र अन्य सामाजिक सहायता | ८३५८८ | ११११७ | -८६.७ |
| १४ | छात्रवृत्ति | २५२८० | ८८९५ | -६४.८ |
| १५ | राहत/औषिधि खरिद खर्च | ११४६७३ | २४६१५४ | ११४.७ |
| १७ | घर जग्गा र अन्य भाडा | ४६१९० | ५८२५७ | २६.१ |
| १८ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४४२४० | ५३७१४ | २१.४ |
| १९ | राजस्व तथा संघ अनुदान फिर्ता | १०८५ | २८५८२५१ | - |
| | **जम्मा चालु खर्च** | **११९६६६४८** | **१२०८५२१२** | १.० |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.२ मा चालु खर्चतर्फ शीर्षकगत खर्च देखाइएको छ।प्रदेशमा काजमा कामकाज गरिरहेका कर्मचारीहरुसंघ तथा स्थानीय तहमा समायोजन भएर गएपछि तलब भत्तामा खर्च कम भएको देखिन्छ। आ.व.२०७७/७८ मा नियमित पारिश्रमिक, भत्ता, कोभिड-१९ जोखिम भत्ता बाहेक कुनै पनि भत्ता तथा सुविधा उपलब्ध नगराउने सरकारको नीति रहेकोले पनि तलब भत्ताको खर्च कम भएको हो। त्यसैगरी सेवा, परामर्श खर्च तथा करार सेवा शुल्कमा समेत उल्लेख्य खर्च वृद्धि भएको छ। आफ्नो आन्तरिक जनशक्तिबाट हुने काममा समेत परामर्श सेवामा वाह्य जनशक्ति परिचालन गर्ने र दरवन्दीभन्दा वाहिरबाट

करारमा जनशक्तिलिने प्रवृत्तिले यो खर्च उल्लेख्य रूपमा बढेको छ। यद्यपि केही पूर्वाधार सम्वद्ध निकायमा आयोजनाका लागि आवश्यक जनशक्ति नहुँदा करारमा राख्ने गरिएको छ। तालिम, गोष्ठी, कार्यक्रम खर्च, अनुगमन खर्च, भ्रमण खर्चमा गत वर्ष कोभिड-१९ संक्रमणको जोखिमपछि सरकारी स्रोतमा परेको चाप व्यवस्थापन गर्न रोक्का गरिएकोलेर कोभिड-१९ को कारण कार्यान्वयन गर्न असहज भएकोले अघिल्लो वर्षको भन्दा कम खर्च भएको देखिन्छ। प्रदेश सरकारको उपलब्ध स्रोत अनुसार वित्तीय हस्तान्तरण तथा सरकारी निकायलाई अनुदान रकम निर्धारण गरिएको छ। कृषि क्षेत्र सरकारको प्राथमिकतामा रहेको हुँदा कृषि व्यवसाय प्रवर्द्धन लगायतका अनुदानमा वृद्धि भईरहेको छ। मसलन्द तथा कार्यालय सामाग्री खर्च, विविध खर्च, मर्मत सम्भार खर्चबढेको देखिन्छ। सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका तर्जुमाबाट केही कडाई गरिएको भएतापनि प्रशासनिक खर्च न्यूनिकरण र मितव्ययी हुन सकेको छैन। घरजग्गाको भाडामा दायित्व थपिँदै गइरहेको छ। कार्यालय प्रयोजन बाहेकमा समेत घरभाडामा लिने परिपाटीको प्रभावकारी व्यवस्थापन हुन सकेको छैन। आ.व.२०७६/७७ मा बचत भएको संघ सशर्त, समपूरक र विशेष अनुदान फिर्ता गर्न बजेट विनियोजनबाट नै रु.२ अर्ब ८५ करोड खर्च गरिएको हुँदा सो समेत अघिल्लो वर्ष भन्दा चालु खर्च १% बढी भएको हो। तर समग्रमा हेर्नेहो भने चालु खर्चका अधिकांश शीर्षकहरु अघिल्लो वर्षको तुलनामा खर्च न्यून भएकोछ।

**तालिका ३.३ पूँजीगत खर्च तर्फको शीर्षकगत विश्लेषण** (रकम रु.हजारमा)

| क्र.सं. | खर्च शीर्षक | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | गैह आवासीय भवन निर्माण | १८४६४४६ | १५११७५९ | -१८.१ |
| २ | सवारी साधन | ३४१३०९ | १४५२२६ | -५७.५ |
| ३ | मेशिनरी औजार र फर्निचर फिक्चर्स | २३२१५३ | ६५००४७ | १८०.० |
| ४ | अनुसन्धान तथा विकास र पूँजीगत परामर्श | १०८६८८ | ५९४५७ | -४५.३ |
| ५ | सडक, पुल,सिँचाइ,खानेपानी तथा अन्य संरचना निर्माण | १४९९८९४८ | १३३३५२९१ | -११.१ |
| ६ | वन तथा वातावरण संरक्षण | ३२९८८५ | १६२६८९ | -५०.७ |
| ७ | पशुधन तथा बागवानी विकास खर्च | ३२७० | ० | - |
| ८ | जग्गा प्राप्ति खर्च | ५८९८ | १५७९ | -७३.२ |
| | **जम्मा** | **१७८६६५९७** | **१५८६६०४८** | **-११.२** |

स्रोत:प्रदेश लेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सरकार र वित्तीय समानीकरण अनुदान स्रोतमा विनियोजित बजेटको आधाबाट भुक्तानी व्यवस्थापन गरिएको हुँदाकुल पूँजीगत खर्चमा कमी आएकोले शीर्षकगत रूपमा समेत अधिकांश खर्च शीर्षकमा ऋणात्मक वृद्धिदर रहेको छ। भवन निर्माणमा खर्च प्रगति कम भएपनि कुनै निश्चित मापदण्ड विना सरकारी भवनमा बजेट माग गर्ने र ठेक्का सम्झौता गर्ने प्रवृत्ति बढेको छ। सवारी साधन खरिदमा केही कडाइ गरिएपनि बजेट निर्माणका समयमा उच्च माग रहने गरेको छ। सडक पुल,सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माणमा विनियोजित बजेट खर्च उल्लेखनीय रहेको छ। निर्माणाधीन बहुवर्षीय आयोजनाको कार्य भएजतिको भुक्तानी दिन स्रोत व्यवस्थापन समयमै गर्न सकिएमा यो

खर्च अझै बृद्धि हुने सम्भावना छ। अनुसन्धान तथा विकास र पूँजीगत परामर्शमा खर्च गर्दा जटिल संरचना निर्माण गर्दा यस्तो खर्च आवश्यक भएपनि अहिले सामान्य कामका लागि समेत परामर्श सेवा लिने प्रवृत्ति बढेको छ। कोभिड-१९ संक्रमण नियन्त्रण र उपचार व्यवस्थापन, स्वास्थ्य सेवा सुदृढिकरणका लागि अक्सिजन प्लान्ट लगायत औजार उपकरण खरिद, प्राविधिक शिक्षा तर्फ सामाग्री खरिद लगायतमाखर्च भएकोले मेशिनरी औजारमा खर्च अघिल्लो आर्थिक वर्षको भन्दा वृद्धि भएको देखिन्छ।

## ३.३ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०७७/७८ मा कुल खर्चको ४७.८४% रकम संघीय सरकारबाट हस्तान्तरण भई आएको अनुदान र प्रदेश सरकारको स्रोत ५२.१६% रहेको छ।

**तालिका ३.४ आर्थिक वर्ष २०७६/७७ को स्रोतगत खर्चको विवरण**

(रू.हजारमा)


| स्रोत | कुलविनियोजन | | कुलखर्च | | विनियोजनको तुलनामा खर्चप्रतिशत |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| **प्रदेश सरकार** | २५७८६१४७ | ५९.४% | १४५७९०२२ | ५२.१६ | ५६.५% |
| **संघ अनुदान** | १७६२२४०३ | ४०.६% | १३३७२२३९ | ४७.८४ | ४३.५% |
| **जम्मा** | ४३४०८५५० | १००% | २७९५१२६१ | १०० | ६४.३९% |

(स्रोत- प्रदेश लेखा नियन्त्रक कार्यालय)

उपर्युक्त तथ्याङ्क विश्लेषण गर्दा प्रदेशको कुल खर्चमा संघ अनुदानको हिस्सा ४७.८ प्रतिशत रहेको छ। जसमा वित्तीय समानीकरण अनुदानको हिस्सा सबैभन्दा बढी रहेको छ। संघ अनुदानको कुल खर्च रु.१३ अर्ब ३७ करोड २२ लाख ३९ हजार मध्ये वित्तीय समानीकरण अनुदान स्रोतको खर्च रु.५ अर्ब ६६ करोड ९ लाख २४ हजार अर्थात् ४२.३% रहेको छ।

यस्तै गरी प्रदेशको कुल खर्चमा प्रदेश सरकार (आन्तरिक राजस्व र राजस्व बाँडफाँट) स्रोतको खर्च ५२.१% रहेको छ। जसमध्ये आन्तरिक राजस्वको हिस्सा करिब २४ प्रतिशत रहेको छ। प्रदेश सरकारको स्रोतबाट चालु खर्च धान्ने अवस्था रहेको छ भने प्रदेशको आन्तरिक स्रोतबाट अनिवार्य दायित्व तथा प्रशासनिक खर्च गर्न पुग्ने अवस्था छ।

रेखाचित्र ३.२ खर्चको स्रोतगत अवस्था




(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

तालिका ३.५ सशर्त, समपूरक र विशेष अनुदानको स्रोतको खर्च स्थिति (रकम रु. हजारमा)

| सि.नं. | शीर्षक | प्राप्ति | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | सशर्त अनुदान | ८२३४२२१ | ६५८१७९४ | ८०% |
| २. | समपूरक अनुदान | ८४२७०० | ७२९९६९ | ८७% |
| ३. | विशेष अनुदान | ५३५००० | ३९९५५२ | ७५% |
| जम्मा | | ९६११९२१ | ७७११३१५ | ८०.२% |

तालिका नं.३.५ अनुसार यस आर्थिक वर्षमा संघ सशर्त, समपूरक र विशेष अनुदानमा कुल प्राप्ति रु.९ अर्ब ६१ करोड १९ लाख २१ हजार रहेकोमा रु.७ अर्ब ७१ करोड १३ लाख १५ हजार (८०.२%) खर्च भई रु.१ अर्ब ९० करोड ६ लाख ६ हजार खर्च नभई बचत रहेको देखिन्छ। बचत रकम संघीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने हुन्छ। सशर्त र समपूरक अनुदानमा भौतिक पूर्वाधार तर्फ खर्च राम्रो रहेको छ। कोभिड-१९ को कारण भएको बन्दाबन्दीको कारणले स्वास्थ्य, शिक्षा तथा सामाजिक विकासका क्षेत्रमा र वन तथा वातावरणमा सशर्त अनुदानको खर्च लक्ष्य अनुसार हुन सकेन।सोही कारण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा PLGSP कार्यक्रमको लागि प्राप्त अनुदानको खर्च अत्यन्तै न्यून (१४%) रहेको छ। विशेष अनुदान तर्फ सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका केही क्रियाकलाप कार्यान्वयनमा समस्या रहेको हुँदा अनुदान प्राप्ति अनुसार खर्च नसकेको हो।

स्वास्थ्य शिक्षा तथा कृषि विकास तर्फ संघ सशर्त अनुदानको रकम खर्च गर्ने कार्यविधि संघीय सम्बन्धित मन्त्रालयबाट समयमै प्राप्त नहुने, बजेट बाँडफाँट भई सम्बन्धित कार्यालयमा समयमै अख्तियारी प्रदान नहुने र कार्यविधिमा केही जटिलता समेत रहेको हुँदा अपेक्षित उपलब्धि हासिल गर्न कठिनाई भएको छ। भौतिक पूर्वाधार तर्फ संघबाट हस्तान्तरण भएका, अधुरा र क्रमागत आयोजनाको दायित्व भुक्तानीमा पर्याप्त बजेट उपलब्ध हुन सकेको छैन। प्रदेशको आवश्यकता र प्राथमिकता अनुसार समयमै र पर्याप्त बजेट प्राप्त नहुने, आर्थिक वर्षको अन्तिम समयमा भौतिक पूर्वाधार, कोभिड-१९ संक्रमण उपचार व्यवस्थापन

लगायतमा थप सशर्त अनुदान प्राप्त भएको हुँदा कतिपय रकम खर्च गर्न नसकी फिर्ता गर्नुपर्ने अवस्था समेत रहन गएको हो। संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायता समावेश रकमको शोधभर्ना, फुकुवा भई स्रोत प्राप्तिका लागि प्रतिवेदन पेश गर्ने सन्दर्भमा अन्यौलता र निष्क्रियताका कारण वैदेशिक स्रोत समावेश भएको क्रियाकलाप कार्यान्वयन र भुक्तानीमा समस्या रहेको छ।

## ३.४ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

निकायगत रूपमा तोकिएको सेवा र कार्यका लागि आर्थिक वर्ष २०७७/७८ को लागि स्वीकृत बजेट तथा कार्यक्रमका कार्यान्वयनमा भएको विषयगत मन्त्रालय/निकायहरुको खर्चको विवरण देहायअनुसार रहेको छः-

**तालिका ३.६ मन्त्रालय/निकायको कुल विनियोजन बजेट र खर्चको विवरण** (रू.हजारमा)

| सि.नं. | मन्त्रालय/निकाय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका | २३५०३६ | २०७७०५ | ८८.४ |
| २. | प्रदेश लोकसेवा आयोग | ५५९२२ | ३१४८६ | ५६.३ |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८५७८ | १०७९१ | ५८.१ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९५८०७६ | ४०५९५९ | ४२.४ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६२४३३२२ | ५८१९७४३ | ९३.२ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३५९६९६६ | १५७०७१९ | ४३.७ |
| ७. | भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय | ३७९९८८५ | १८१५३७० | ४७.८ |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९८८०८९ | ३३८६५५ | ३४.३ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | २१८६९६११ | १४४८७९९७ | ६६.२ |
| १०. | सामाजिक विकास मन्त्रालय | ५६००८२७ | ३२४०३४० | ५७.९ |
| ११. | प्रदेश योजना आयोग | ४२२३८ | २२४९५ | ५३.३ |
| | **जम्मा** | **४३४०८५५०** | **२७९५१२६१** | **६४.४** |

(स्रोतःप्रदेश लेखा नियन्त्रक कार्यालय)

उपर्युक्त तथ्याङ्कविश्लेषण गर्दा पूँजीगतखर्च बढी गर्ने पूर्वाधारसँग सम्बन्धित मन्त्रालयको खर्च राम्रो रहेको देखिन्छ। बजेटको ठूलो हिस्सा ओगट्ने भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च ६६.२ प्रतिशत रहेको छ। आर्थिक पूर्वाधार र सामाजिक विकाससँग सम्बन्धित मन्त्रालय र अन्य निकायहरुको प्रगति तुलनात्मक रूपमा सन्तोषजनक रहेको छ। बजेट समर्पण/रोक्का बाहेकको तुलनामा खर्चको प्रगति प्रतिशत भने उत्सहजनक रहेको छ।

**तालिका ३.७ मन्त्रालय/निकायको बजेट समर्पण/रोक्का बाहेकको विनियोजन बजेट र खर्चको विवरण** (रू.हजारमा)

| सि.नं. | मन्त्रालय/निकाय | समर्पण बाहेकको विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका | २३०५२५ | २०७७०५ | ९०% |
| २. | प्रदेश लोकसेवा आयोग | ४८२७५ | ३१४८६ | ६५% |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७७२८ | १०७९१ | ६१% |

| | | | | |
|---|---|---|---|---|
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७८८९८५ | ४०५९५९ | ५१% |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५८२३२७२ | ५८१९७४३ | ९९.९% |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १९५७३७१.५ | १५७०७१९ | ८०% |
| ७. | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २२३०४४४ | १८१५३७० | ८१% |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३५४४८९ | ३३८६५५ | ९६% |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५२६६८५७ | १४४८७९९७ | ९५% |
| १०. | सामाजिक विकास मन्त्रालय | ४५३८१२७ | ३२४०३४० | ७१% |
| ११. | प्रदेश योजना आयोग | ३४०४४ | २२४९५ | ६६% |
| | जम्मा | ३१२९०११८ | २७९५१२६१ | ८९.३% |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

माथिको तालिका अनुसार यस आर्थिक वर्षमा सबै मन्त्रालय/निकायको जम्मा रु.१२ अर्ब ११ करोड ८४ लाख ३२ हजार बजेट समर्पण/रोक्का भएको रकमलाई घटाई कायम विनियोजन रु.३१ अर्ब २९ करोड १ लाख १८ हजारको तुलनामा जम्मा खर्च ८९.३ प्रतिशत रहेको छ। स्थानीय तहलाई अनुदान हस्तान्तरण र गत वर्षको बचत संघ अनुदान फिर्तामा खर्च गरिएको हुँदा आर्थिक मामिला तथा योजना मन्त्रालयको बढी खर्च देखिएको हो। समर्पण बाहेकको तुलनामा खर्चको विश्लेषण गर्दा भौतिक पूर्वाधार सम्बद्ध मन्त्रालयको खर्च ९५ प्रतिशत भन्दा बढी रहेको छ। अन्य मन्त्रालय/निकायको समेत खर्चको प्रगति अवस्था सन्तोषजनक रहेको देखिन्छ।

## ३.५ चार आर्थिक वर्षको चालु, पूँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण

विगत चार आर्थिक वर्षको बजेटमा चालु,पूँजीगत र वित्तीय व्यवस्था तर्फ भएको विनियोजन र वास्तविक खर्चको विवरण तालिका नं. ३.८ मा देखाइएको छ।

**तालिका ३.८ विगत चार आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरण** (रू.हजारमा)


| शिर्षक/आर्थिक वर्ष | आर्थिक वर्ष २०७४/७५ को बाँकी अवधि | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ |
|---|---|---|---|---|
| **बजेट विनियोजन** | | | | |
| चालु | ५४२९९४ | १६६७२६५६ | १७८८९२५६ | १७६०६८१९ |
| पूँजीगत | ४७७५०६ | २१८१९८८३ | २५७४८०६६ | २५७६१७३१ |
| वित्तीय व्यवस्था | ० | ० | ८०००० | ४०००० |
| **जम्मा** | **१०२०५००** | **३८४९२५३९** | **४३७१७३२२** | **४३४०८५५०** |
| **खर्च** | | | | |
| चालु | ४२३६५७ | ९७६४२५४ | ११९६६६४८ | १२०८५२१२ |
| पूँजीगत | १९१८५१ | ११४३८६७६ | १७८६६५९६ | १५८६६०४९ |
| वित्तीय व्यवस्था | ० | ० | ० | ० |
| **जम्मा** | **६१५५०८** | **२१२०२९३०** | **२९८३३२४४** | **२७९५१२६१** |

| विनियोजनको तुलनामा खर्च प्रतिशत | | | | |
|---|---|---|---|---|
| चालु | ७८.०२ | ५८.५६ | ६६.८९ | ६८.६४ |
| पूँजीगत | ४०.१८ | ५२.४२ | ६९.३९ | ६१.५९ |
| जम्मा | ६०.३१ | ५५.०८ | ६८.२४ | ६४.३९ |

(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

प्रदेश सरकार स्थापना भएदेखि आ.व.२०७७/७८ सम्ममा चारवटा बजेट प्रस्तुत भईसकेका छन्। आ.व.२०७४/७५ को बजेट माघ महिनादेखि बाँकी अवधिको लागि रहेको थियो। त्यसबाहेक तीन आर्थिक वर्षको पूर्ण बजेट कार्यान्वयन भईसकेका छन्। विगत तीन वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा चालु खर्च बढ्दै गएको देखिन्छ। खासगरी अनिवार्य दायित्व र प्रशासनिक खर्च बढ्दै जानु, स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिने रकमको लेखाङ्कन चालु खर्च शीर्षकहरूमा रहनु र कार्यक्रम खर्च, कृषि अनुदान, सरकारी निकायलाई सञ्चालन अनुदान बढ्दै जानु नै मुख्य कारण हुन्।

**रेखाचित्र ३.३विगत चार वर्षको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण**




(स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय)

आ.व.२०७७/७८ मा प्रदेश सरकार तथा वित्तीय समानीकरण अनुदान स्रोतमा विनियोजनको आधाबाट खर्च व्यवस्थापन गर्न पुँजीगत तर्फ विनियोजन गरिएको बजेट समेत समर्पण/रोक्का गरिएको रकम थियो। बजेट समर्पण/रोक्का बाहेकको विनियोजनको तुलनामा पूँजीगत खर्च८९.३ प्रतिशत रहेको छ।यसर्थ प्रदेशको पूँजीगत खर्च भने विगतको तुलनामा बढ्दै गएको र सन्तोषजनक रहेको छ।

## ३.६ वैदेशिक सहायता परिचालन तथा लागत साझेदारी

### ३.६.१ प्रदेश सहयोग कार्यक्रम (PSP)

नेपाल सरकारको स्वीकृतिमा प्रदेश नं.१ प्रदेश सरकारसँग सम्झौता भई स्वीस विकास सहयोग नियोग (SDC) को अनुदान सहयोगमा प्रदेश सहयोग कार्यक्रम (PSP) कार्यान्वयनमा रहेको छ। SDC ले प्रदान गर्ने अनुदानको अधिकांश रकम सोझै भुक्तानी रहेको हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कार्यान्वयन इकाई मार्फत यस सम्बन्धी कार्यक्रम कार्यान्वयन भएको छ।मार्च २०२० देखि जुन

२०२१ सम्म बजेट रु.३० करोड ५९ लाख ८८ हजार (२३,५३,७५६।५० स्वीस फ्रयाङ्क) मध्ये जम्मा रु.३ करोड ५० लाख ५० हजार अर्थात् ११.५ प्रतिशत (२,६९,३१३।० स्वीस फ्रयाङ्क) खर्च भएको छ।

### ३.६.२ साना सिचाई कार्यक्रम (SIP)

स्थानिय निकाय मार्फत कार्यान्वयन हुने यस कार्यक्रममा संघ, प्रदेश, स्थानिय निकाय, उपभोक्ता तथा वैदेशिक सहयोगी दातृनिकाय (SDC) को २०/२० प्रतिशत लागत साझेदारीमा सञ्चालित साना सिंचाइ कार्यक्रमको लागि प्रदेश सरकारले व्यहोर्नु पर्ने साझेदारी रकम आ.व.२०७७/७८ मा विभिन्न ४७ वटा स्थानीय तहहरुमा जम्मा रु.१३ करोड ६७ लाख ३७ हजार सशर्त अनुदानको रुपमा वित्त हस्तान्तरण गरिएको छ।

### ३.६.३ अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम

प्रदेश सरकार, स्थानीय तह र विकास साझेदार निकाय (करुणा फाउण्डेशन नेपाल) सँगको त्रिपक्षीय लागत साझेदारीमा स्थानीय तहबाट कार्यान्वयन भईरहेको कार्यक्रम हो।यस कार्यक्रमको लागि प्रदेश सरकारले व्यहोर्ने रकम आ.व.२०७७/७८ का लागि६९ वटा स्थानीय तहहरुमा जम्मा १४ करोड ८५ लाख ४४ हजार सशर्त अनुदानको रुपमा वित्त हस्तान्तरण गरिएको छ।

### ३.६.४ संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको बजेट

आ.व.२०७७/७८ मा प्रदेशलाई संघबाट प्राप्त सशर्त अनुदान मार्फत हस्तान्तरण भएका विभिन्न कार्यक्रमहरुमा वैदेशिक स्रोत समावेश भएको रकम जम्मा रु.१अर्ब १२ करोड ३३ लाख ३६ हजार विनियोजन कायम भएकोमा जम्मा रु.५९ करोड ४९ लाख ५० हजार (अर्थात् ५३%) मात्र खर्च भएको छ। वैदेशिक स्रोत समावेश भएको सशर्त अनुदान मध्ये शोधभर्ना हुने अनुदान र शोधभर्ना हुने ऋणमा विनियोजन रु.९८ करोड ७९ लाख ३६ हजार रहेकोमा यस आर्थिक वर्षमा रु.४७ करोड ५४ लाख १९ हजार (अर्थात् ४८%) मात्र खर्च भएको छ। यसरी वैदेशिक स्रोत समावेश भएको संघ सशर्त अनुदानको रकम खर्च नहुँदा बचत अनुदान संघीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नुपर्ने रकम धेरै हुन गएको हो। शोधभर्ना हुने अनुदान वा ऋण स्रोत समावेश भएको वैदेशिक सहायताको रकमका लागि प्रदेश अन्तरगतका निकायहरुबाट सम्पन्न कार्यको प्रतिवेदन सम्बन्धित निकायमा पठाई शोधभर्ना माग गर्ने व्यवस्था प्रभावकारी कार्यान्वयन हुन नसक्दा वैदेशिक सहायता परिचालन तथा अनुदान प्राप्तिमा समस्या देखिएको छ।

## ३.७ निष्कर्ष

सरकारी वित्तीय तथ्याङ्क प्रतिवेदन प्रणालीका आधारमा सार्वजनिक खर्चको लेखाङ्कनगर्दा कुल बजेटमा चालु खर्चको अंश उच्च देखिएको छ। प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण भएका वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक जस्ता अनुदानलाई चालु खर्चमा गणना गरिएको कारणले चालु खर्चमा वृद्धि देखिएको हो। वित्तीय हस्तान्तरणको रूपमा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदानकोउल्लेखनीय हिस्साप्रदेश र स्थानीय तहमा पूर्वाधार निर्माण जस्ता पूँजीगत प्रकृतिका कार्यमा खर्च हुने गर्दछ।कृषि उत्पादन बढाउन प्रदान गरिने अनुदान र शिक्षा, स्वास्थ्य लगायतका क्षेत्र अन्तर्गतका अधिकांश कार्यक्रमहरूमेशिनरी औजार खरिद, मानव पूँजी र सामाजिक पूँजी निर्माण गर्ने प्रकृतिका भएतापनि चालुतर्फ लेखाङ्कन गर्ने विश्वव्यापी मान्यताका कारण यो स्थिति देखिएको हो। चालु खर्चतर्फ विनियोजित तर पूँजी निर्माणमा खर्च हुने बजेटलाई छुट्याएर मात्र साधारण खर्चको अवस्था विश्लेषण गर्नु पर्ने देखिन्छ। संघ अनुदान बचत भई ठूलो मात्रामा रकम फिर्ता हुने भएकोले संघ सशर्त अनुदान तर्फको आयोजना/कार्यक्रमको खर्चमा वृद्धि गर्नुपर्ने देखिन्छ।सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोत

परिचालन तथा शोधभर्नाका लागि कागजात पठाउने तर्फ सम्बन्धित निकायको सक्रियता हुन आवश्यक रहेको छ।

# परिच्छेद चार

# स्थानीय तहमा वित्तीय हस्तान्तरण

## ४.१ पृष्ठभूमि

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ एवम् प्रदेश आर्थिक ऐन तथा विनियोजन ऐन बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई अनुदान हस्तान्तरण तथा सवारी साधन कर बाँडफाँट गर्दै आएको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण र सशर्त अनुदान उपलब्ध गराइएको छ। प्रदेशसमपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५बमोजिम स्थानीय तहलाई अनुदान उपलब्ध गराइएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सवारी साधन कर बाडँफाँटको आधार अनुसार स्थानीय तह बीच बाँडफाँट भएको छ।अन्तरसरकारी वित्त परिषद् एवम् प्रदेश समन्वय परिषद्को बैठक आयोजना गरी अन्तरसरकारी वित्त व्यवस्थापनको अवस्था र समस्याको बारेमा विस्तृत छलफल गरी आवश्यक निर्णय समेत हुँदै आएको छ।

## ४.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण

नेपालमा वित्तीय संघीयता शुरुवात भएपछि प्रदेश नं.१ प्रदेश सरकारबाट स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार रहेको छः

तालिका ४.१स्थानीय तहमा वित्तीय हस्तान्तरण (रू.हजारमा)

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | समपुरक अनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५को बाँकी अवधि | - | १९७१७२ | - | - | १९७१७२ |
| २०७५/७६ | ४९९९९९ | ३१५३०८७ | - | - | ३६५३०८६ |
| २०७६/७७ | ९९९९९७ | २९७१३८१ | १४११५८७ | ४४१७०९ | ५८२४६७४ |
| २०७७/७८ | १०००००० | ५६२३८७ | १३०८४११ | ० | २८७०७९८ |

### वित्तीय समानीकरण अनुदान

स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था अनुरूप आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं.१का १३७ वटा स्थानीय तहलाई जम्मा रू.९९ करोड ९९लाख ९७ हजारवित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको थियो। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेशको लागि समानीकरण अनुदान निर्धारण गर्दा सेवा लागत सूचकाङ्क, बहुआयामिक गरिबी सूचकाङ्क, सामाजिक तथा आर्थिक असमानता सूचकाङ्क र पूर्वाधार सूचकाङ्कलाई आधार लिइएको छ भने स्थानीय तहको लागि खर्च आवश्यकता र राजस्व क्षमता विचको अन्तर, मानव गरिवी सूचकाङ्क, आर्थिक, सामाजिक तथा अन्य असमानता सूचकाङ्क र पूर्वाधार सूचकाङ्कलाई आधार लिइएको छ।

### सशर्त अनुदान

स्थानीय तहबाट कार्यान्वयन गरिने कुनै योजना कार्यान्वयन गर्न प्रदेश सरकारले सशर्त अनुदान हस्तान्तरण गर्ने गरेको छ।यसमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सशर्त अनुदानका आधारहरू सिफारिस गर्ने गरेको छ।यो अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन सम्बन्धमा शर्त तोक्न सक्ने र प्रदेश

तथा स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष२०७७/७८ मा स्थानीय तहलाई जम्मा रू.६४ करोड ८२ लाख २३ हजार सशर्त अनुदान उपलब्ध गराएकोमा रू.५६ करोड २३ लाख ८७ हजार निकासा/खर्च भएको छ।

**समपुरक अनुदान**

प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा योजनाको संभाव्यता, योजनाको लागत, योजनाको प्रतिफल/लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय/भौतिक क्षमता वा जनशक्तिलाई आधार लिने गरिएको छ। प्रदेश समपुरक अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम आर्थिक वर्ष २०७७/७८ मा १३७स्थानीयलाई कुल रू.१ अर्ब ४० करोड ७० लाख उपलब्ध गरिएको थियो। सो मध्ये रु.१ अर्ब ३० करोड ८४ लाख ११ हजार निकासा/खर्च भएको छ।

**राजस्व बाडँफाँट**

आर्थिक वर्ष २०७७/७८ मा प्रदेश नं. १ सरकारले सवारीसाधन कर बापत जम्मा १,८७,५५,५३,४७३.०० संकलन गरेकोमा ४० प्रतिशतले हुन आउने रु. ७५,०२,२१,३८९.२० स्थानीय तहमा हस्तान्तरण गरेको छ।आ.व.२०७६।७७ बाट जिम्मेवारी सरेको समेत रु.७९,८५,४६,६४६।४० प्रदेश नं. १ का १३७ स्थानीय तहलाई आ.व. २०७७/७८ मा हस्तान्तरण भइसकेको छ। बाँकी रकम आ.व. २०७८/७९ मा हस्तान्तरण हुने छ ।

**अन्तरसरकारी वित्त व्यवस्थापनमा देखिएका समस्याहरुः**

प्रदेश विनियोजन ऐन तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि बमोजिम स्थानीय तहलाई समानीकरण, सशर्त र समपूरक अनुदानको रकम निकासा गर्न अघिल्लो आ.व वा चौमासिकको खर्चको विवरण स्थानिय तहले पेश गर्नुपर्ने हुन्छ। कतिपय स्थानीय तहबाट समयमै प्रतिवेदन प्राप्त नहुँदा अनुदान हस्तान्तरणमा असहजता सृजना भएको छ।

सवारी साधन कर संकलनको लागि अनलाईन प्रणाली नहुँदा सेवाग्राहीहरुले सहजै कर तर्न सकेका छैनन्। त्यस्तै प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर सोझै प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा दाखिला हुने बैङ्किङ प्रणालीमा व्यवस्था नहुँदा तोकिएको समय (मासिक) रुपमा सवारी साधन कर स्थानीय तहमा बाँडफाट गर्न सकिएको छैन। साथै स्थानीय तहको सञ्चितकोषमा रकम दाखिला गर्न समेत प्रणालीमा व्यवस्था नभएको हुँदा मासिक रुपमा रकमको चेक मार्फत दाखिला गर्न समस्या भएको छ।

# परिच्छेद पाँच

## क्षेत्रगत मन्त्रालय/निकाय र प्रगतिको अवस्था

आर्थिक वर्ष २०७७/७८मा स्वीकृत वार्षिक बजेट तथाकार्यक्रम अनुसार विभिन्न मन्त्रालय/निकायहरूबाट सम्पादित कार्यहरूको मुख्यमुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

### ५.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| बुँदानं. | नीति तथा कार्यक्रम | कार्यान्वयनको स्थिति |
|---|---|---|
| ४५ | वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रगति समिक्षा, समन्वय तथा सहकार्य सम्बन्धी | • चौमासिक प्रगति समिक्षा गोष्ठी संचालन<br>• प्रदेश मन्त्रालयहरूबीच समन्वय र सहकार्य गरिएको<br>• संघ तथा स्थानीय तहहरूसँग आवश्यकतानुसार समन्वय भैरहेको<br>• सबै प्रदेश मन्त्रालयहरूलाई पूँजीगत खर्च जेष्ठ मसान्तभित्र गरिसक्न निर्देशन भएको |
| ५८ | संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा प्रदेश निजामती सेवा विधेयक सम्बन्धी | प्रदेश निजामती सेवा विधेयकको मस्यौदा तयार गर्न प्रदेश सरकार, मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृत प्राप्त भई मस्यौदा लेखनको कार्य प्रारम्भ भएको |
| ५९ | प्रदेश तथा स्थानीय शासन सहयोग (PLGSP)तथा प्रदेश सहयोग कार्यक्रम (PSP) सम्बन्धी | PLGSPरPSP अन्तर्गत सुशासन, विकास, क्षमता अभिवृद्धि, जवाफदेही प्रशासनिक प्रकृया, विद्युतीय प्रशासन र नागरिक अनुगमन सम्बन्धी विविध कृयाकलापहरू सम्पन्न भएको |
| ६० | स्थानीय विकास प्रशिक्षण केन्द्र सम्बन्धी | स्थानीय विकास प्रशिक्षण केन्द्र, कलबलगुडी, झापालाई प्रदेश मातहत ल्याई प्रदेश प्रशिक्षण केन्द्रको रूपमा संचालनमा ल्याइएको |
| ६४ | मन्त्रिपरिषदको बैठक कक्षलाई स्वचालित बनाउने र सि.एम. ड्यासबोर्ड संचालन सम्बन्धी | • मन्त्रिपरिषद् बैठक कक्ष निर्माण गरी Cabinet Automation Systemसंचालनका लागि आवश्यक हार्डवेयर, सफ्टवेयर तथा नेटवर्किङ्गको व्यवस्था भई संचालनको तयारीमा रहेको ।<br>• CM ड्यासबोर्डको स्थापना भई संचालनमा ल्याइएको |
| ६६ | डिजिटल प्रदशको बिस्तृत कार्ययोजना सम्बन्धी | कार्ययोजनाको अवधारणा पत्र तयार भएको |
| ६७ | जनतासँग मुख्यमन्त्री कार्यक्रम सम्बन्धी | एफ.एम., रेडियो, टेलिभिजनबाट कार्यक्रम संचालन गर्न जनतासंग मुख्यमन्त्री कार्यक्रम संचालन कार्यविधि अनुसार अनुदान प्रदान गरी कार्यक्रम संचालन गरिएको |

**आ.व.२०७७/७८ मा सम्पन्न कार्यहरु प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) र प्रदेश सहयोग कार्यक्रम (PSP)**

- ६ वटा ऐन, नियमावली र कार्यविधिहरुको मस्यौदा संसोधन/निर्माण गरि कार्यान्वयन गरिएको छ।
- प्रदेश सरकारका लैंगिक समानता र सामाजिक समावेशीकरण नीति निर्माण र प्रदेश मन्त्रालयहरुको ६ वटा GESI Audit सम्पन्न भएको छ।
- प्रदेश सरकारका ३ वर्षे कार्यसम्पादन प्रगति सम्बन्धि पुस्तिका र प्रदेश र स्थानीय तहहरुका असल अभ्यास प्रकाशन गरिएको छ।
- नागरिक सेवा सन्तुष्टि सर्वेक्षण गरी सो को प्रतिवेदन प्रकाशन गरिएको छ।
- प्रदेश सरकारको गुनासो व्यवस्थापन प्रणालीको लागी मोवाईल एप निर्माण, Digital notice बोर्ड स्थापना गरी कार्यान्वयन गरिएको छ।
- ई-लाईब्रेरी स्थापना सहयोग, ७ वटा मन्त्रालयहरुमा अफिस अटोमेशन स्थापना र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको छ।
- प्रदेश नं १ को गरिबी न्यूनीकरण रणनीति पत्र तयारी गरिएको छ।
- दिगो बिकाशका लक्ष्यहरुलाई स्थानीयकरण गर्ने कार्यविधि निर्माण सम्पन्न गरिएको छ।

## ५.२ आर्थिक मामिला तथा योजना मन्त्रालय

- वित्तीय उत्तरदायित्वलाई संस्थागत गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक तर्जुमा गरी प्रदेश सभामा पेश गरिएको।
- कोभिड-१९ को संक्रमणपछि सरकारीस्रोतको मितव्ययी परिचालन र स्वास्थ्य क्षेत्रमा आकस्मिक स्रोत जुटाउनका लागि विभिन्न खर्च शीर्षकहरूको बजेट आंशिक वा पूर्णरोक्का गरिएको।
- सिर्जित दायित्व भुक्तानी गर्न प्रदेशलाई अपुग स्रोत व्यवस्थापनको लागि संघबाट सशर्त अनुदानमा थप बजेट माग- भौतिक पूर्वाधार क्षेत्रमा मात्र रु.२अर्ब १० करोड थप बजेट प्राप्त।
- बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी र सो अनुसार कार्यसम्पादन सम्झौता एवम् कार्यसम्पादन मूल्याङ्कन गर्ने पद्धति अबलम्बन।
- न्यून स्रोत प्राप्ति अनुसार बजेट सन्तुलनका लागि प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयानुसार (प्रदेश र वित्तीय समानीकरण स्रोतमा) विनियोजनको आधाबाट बजेट व्यवस्थापन गरिएको।
- अघिल्लो आ.व.को बाँकी भुक्तानीको साथै आ.व.२०७७/७८ मा सिर्जित दायित्व सबै भुक्तानी हुने गरी बजेट/स्रोत व्यवस्थापन गरिएको।
- बजेट तर्जुमा तथा राजस्व परिचालन सम्बन्धी सहभागितामुलक प्रणालीको अवलम्वन-स्थानीय तहसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन।
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रयोगलाई अनिवार्य गरिएको।
- मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली मिति २०७८/१/१४ मा स्वीकृत भएको
- राजस्व परामर्श समितिको प्रतिवेदन प्राप्त भएको।

- बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन, आर्थिक सर्वेक्षण तयारी र प्रकाशन
- प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणाली ( PLMBIS), एकल खाताकोष प्रणाली (TSA), CGAS प्रणालीहरुको सञ्चालन तथा व्यवस्थापन एवम् प्राविधिक समन्वय
- वार्षिक बजेट आ.व.२०७८/७९ तर्जुमा
- मध्यमकालीन खर्च संरचना तयार भएको (प्रदेश योजना आयोगमा समन्वय)
- आर्थिक सर्वेक्षण,२०७७/७८ प्रकाशन
- अन्तरसरकारी वित्त हस्तान्तरण (स्थानीय तहलाई सशर्त र समपुरक अनुदान बाट सञ्चालन हुने आयोजना स्वीकृति र रकम विनियोजन,राजस्व बाँडफाँट)
- प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६ तर्जुमा
- स्थानीय तहबाट सशर्त/समपूरक अनुदानमा सञ्चालित आयोजना/कार्यक्रमको अनुगमन,
- राजस्व संकलन तथा खर्चको सम्बन्धी नियमित अनुगमन, विश्लेषण
- Office Automation Systemजडान गरी विद्युतीय दर्ता चलानी शुरु भएको
- केन्द्रिकृत प्रणालीमा आवद्ध विद्युतीय हाजिरी संचालन गरिएको।

**५.३उद्योग पर्यटन ,वन तथा वातावरण मन्त्रालय**

प्रमुख उपलब्धीहरु

- स्वीस सरकार तथा भोजपुर र खोटाङ जिल्लामा अवस्थित ६ वटा स्थानीय तहहरुसँगको सहकार्य तथा समन्वयमा ६२ कि.मि को MundhumTrail निर्माण सम्पन्न भएको।
- प्रदेश अविस्कार केन्द्र स्थापना गर्न मनमोहन प्राविधिक विश्वविद्यालय, मोरङलाई आवश्यक सहयोग प्रदान गरिएको छ।
- बराहक्षेत्र नगरपालिकामा शहरी हरित पार्क स्थापना गर्न सहयोग गरिएको छ।
- पर्यटन विकास तथा प्रवर्द्धनका लागि ३ स्थानमा पर्यटीय मार्ग, ३७ स्थानमा पर्यटकीय पुर्वाधार, ४ वटा झरना विकास तथा संरक्षण, ३ वटा होमस्टेलाई सहयोग लगायतको कार्य गरी जम्मा १,६५,००० दिनको श्रम रोजगारी श्रृजना।
- गत आ.व. को तुलनामा २ गुणा भन्दा बढी १४५२७ वटा उद्दोग दर्ता भई उद्योगको स्वीकृत पुँजी लगानी ३१.८८ अर्ब र वार्षिक क्षमता ९.४५ खर्ब पुगेको।
- पर्यटन पुर्वाधार विकास अन्तर्गत ३ वटा वहुवर्षिय आयोजनाको कार्यान्वयन सुरुवात गरिएको छ।
- यस आ.व. निजी तथा साझेदारी फर्म दर्ता नियामवली, २०७७ तर्जुमा गरी कार्यान्वयन गरिएको छ।
- मानव बन्यजन्तु द्धन्द व्यस्थापन कार्यक्रमबाट १४ वटै जिल्लामा वन्यजन्तुको वासस्थान संरक्षण तथा व्यवस्थापनका साथै मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनकार्यका लागि कार्यक्रमहरु सम्पन्न गरियो।

राष्ट्रिय वनविकास तर्फका महत्वपुर्ण क्रियाकलापहरू

तालिकाः डिभिजन वन कार्यालयहरुको वन विकास तर्फको समग्र प्रगति

| विवरण | लक्ष्य | सम्पन्न परिमाण |
|---|---|---|
| अतिक्रमितक्षेत्र हटाइ वृक्षारोपण | ६ हे. | ६ हे. |
| पर्यापर्यटनप्रवर्द्धन (अन्य) | ५ वटा | ५ वटा |
| जैविकमार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम (अन्य) | १ वटा | १ वटा |
| फलफूलविरुवा उत्पादन तथा रोपण (अन्य)(हजारमा) | १२५ | १०९.६ |
| विरुवाउत्पादन (३" * ७" को पोलिथिन थैलामा) | १,१८२.५० | १,१८२.५० |
| वनडढेलो नियन्त्रण तथा व्यबस्थापन कार्ययोजना कार्यान्वयन | ९ वटा | ९ वटा |

जडिबुटी विकास तर्फका महत्वपुर्ण क्रियाकलापहरू

तालिकाः संघीय ससर्तको जडीबुटी विकास कार्यक्रमका प्रगतिहरु

| विवरण | लक्ष्य | सम्पन्न |
|---|---|---|
| जडिबुटीविरुवा उत्पादन (हजारमा) | ८१२.१ | ७५८.१ |
| नर्सरीमर्मत | ११ | ११ |
| पकेटक्षेत्रमा जडिबुटी खेति विस्तार | १५ | १४ |
| सहकारीमार्फत जडिवुटीका उत्पादन खेती विस्तार भण्डारण प्रशोधन र बजारीकरण | ८ | ७ |
| पकेटक्षेत्रमा जडिवुटी उत्पादन, खेती विस्तार, भण्डारण | १५ | १४ |

जलाधार व्यवस्थापन कार्यक्रम तर्फका महत्वपुर्ण क्रियाकलापहरू

भू तथा जलाधार कार्यालयहरु र जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाईले गरेका प्रगति विवरण

| विवरण | सम्पन्नसंख्या |
|---|---|
| बाँगिखोलाठुल्दुङ्ग तटबन्ध नेचासल्यान गा.पा. सोलुखुम्बु | १ |
| खहरेखोलातटवन्धन, नेचासल्यान गा.पा. सोलुखुम्बु | १ |
| गल्छीपहिरो नियन्त्रण/भू-संरक्षण | २४ |
| जलपुनर्भरण पोखरी निर्माण तथा व्यवस्थापन | ६ |
| जलवायुपरिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम | ९ |
| सिमसारक्षेत्र/पानी मुहान/खानेपानी श्रोत/सिचाई संरक्षण र व्यवस्थापन | १ |

| | |
|---|---|
| एकिकृतभूस्खलन नियन्त्रण | ६ |
| एकिकृतसुख्खा क्षेत्र व्यवस्थापन | ८ |
| पर्यावरणीय/पर्यटकीय/जैविकविविधता क्षेत्र जलाधार व्यवस्थापन | १ |
| जलविधुतजलाशय जलाधार संरक्षण | ५० हजार |
| वायोइन्जि. खोला किनारा संरक्षण | २ |
| आकस्मिकभू-संरक्षण कार्यक्रम | १३ |

### ५.४भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालय ,

#### ५.४.१ आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको प्रगति

- कृषि विकासमा अन्तर निकाय समन्वयका लागि जिल्ला समन्वय समितिको समन्वयमा प्रदेश सरकारका निकायहरु, प्रदेश सभाका माननीय सदस्यहरु तथा स्थानीय तहका प्रमुखहरुवीच कार्यक्रम छनौट,कार्यक्रम र अनुगमनमा सहभागिता गराई समन्वय सुदृढ गर्ने प्रयास गरिएको छ।
- प्रदेश प्रमुख नव नवप्रवर्तन कृषि कार्यक्रम संचालनका लागि सवै स्थानीय तहहरु मार्फत कोभीड १९ का कारण विदेशवाट फर्केका युवाहरुको नाम संकलन गरी उनीह्रुरु मध्ये कृषिका विभिन्न विधामा व्यवसाय गर्न चाहानेहरुका लागि कृषि ऋृण उपलब्ध गराउन मिति २०७८।०३।१६ गते कृषि विकास बैकसँग संझौता सम्पन्न । वाँकी काम आ.ब.२०७८/७९ को श्रावणवाट निरन्तरता दिइने।
- किसानहरुलाई सहुलियत पुर्ण कर्जा  उपलब्ध गराउन सहुलियत पुर्ण कर्जा सम्बन्धि कार्यविधिको मस्यौदा तयार गरिएको छ।
- सुर्योदय नगरपालिका फिक्कलमा चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र निर्माण कार्य कार्यान्वयनमा रहेको तथा चिया खेतिलाई नयाँ क्षेत्रमा विस्तार तथा तयारी चियाको बजार प्रवर्द्धनका लागि ६ वटा उद्योगहरुलाई ६५ लाख बरावरको सहयोग उपलब्ध गारईएको
- किसानको उत्पादनलाई बजारमा पँहुच वढाउन कटहरी फलफूल तथा तरकारी थोक बजार संचालन नियमावली खारेज गरी नँया नियमावली अनुसार विशिष्ठीकृत सहकारी संघ मार्फत संचालन गर्ने व्यवस्था मिलाईएको छ । स्थानीय तहहरुको सहभागितामा ईलाम नगरपालिका,पथरी शनिश्चरे नगारपालिका र बराहक्षेत्र नगारपालिकामा कृषि बजार निर्माण गरिएको छ ।
- मध्य पहाडी क्षेत्रमा मकै उत्पादकत्व सुधारका लागि विशेष कार्यक्रम संचालन गरिएको छ।
- प्राङ्गारीक मलको प्रयोग प्रवर्द्धन गराउन किसानहरुलाई सुचिकृत प्राङ्गारीक मल उत्पादकहरु मार्फत प्रति केजी पाँच रुपैयाका दरले २०६ मे. टन मल सहुलियतमा उपलब्ध गराईएको छ ।
- विभिन्न जिल्लाहरुका  १० समूहमा रैथाने वाली उत्पादन कार्यक्रम मार्फत रैथाने बाली कोदो तथा फापरको क्षेत्र विस्तार, उत्पादित उपज प्रशोधन तथा परिकार विविधिकरण गरिएको छ।
- नेपाल सरकारले तोकेको न्यूनतम  समर्थन मूल्यमा खाद्यान्न खरीद गरी भण्डारण गर्न ४ वटा कृषि उपज बैङ्कहरुको स्थापना गर्न सहयोग उपलब्ध गराईएको ।आ.ब. २०७८/७९ वाट यी कृषि उपज बैङ्कहरु संचालनमा आउनेछन ।

- स्थानीय तहहरुसँगको सहकार्यमा ३ वटा कृषि बजार तथा ३ वटा स्थानीय तहमा भण्डारणका लागि साना तथा मझौला कोल्ड चेम्बरहरु निर्माण, ३ जना निजी उद्यमीहरु र १/१ वटा बजार समिति र सहकारी स्स्था मार्फत कोल्ड रुमहरु स्थापना गरिएका छन ।५ वटा निजी व्यवासायीहरालई कृषि उपज ढुवानीका लागि सवारी साधन खरीदमा सहयोग गरिएको छ ।
- सबै पालिकामा आवश्यक संख्यामा कृषि विज्ञ, शीत-भण्डार, पशु स्वास्थ्य, कृषि बजार र एक वर्षको लागि पुग्ने गरी खाद्यान्न भण्डारण स्थापना गर्ने नीति अनुरुप आ.ब.२०७८/७९ मा स्थानीय तहरुलाई उल्लेखित पुर्वाधार विकासका लागि शशर्त अनुदानमा रकमको ब्यवस्था मिलाईएको छ ।
- पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत २१२४३३८ पशुपंक्षीहरुलाई खोप लगाईएको छ ।
- धुलो दुध कारखाना निर्माणको कार्य अघि वढाईएको छ । आ.ब.२०७८/७९ को अन्त्य सम्ममा निर्माण सम्पन्न गरी विशिष्टिकृत सहकारी संघ मार्फत धुलो दुध कारखाना संचालनमा ल्याइनेछ।
- कृषकको यन्त्रिकरण कार्यक्रमलाई निरन्तरता दिदै ६६० किसानालई यन्त्र उपकरण उपलब्ध गराईएको छ । साथै कृषि यन्त्र उपकरण प्रयोग प्रबर्द्धनका लागि ३ वटा सहकारी संस्था र ३ वटा संस्थाहरुमा कष्टम ह्ययरिङ्ग केन्द्रको स्थापना गरिएको छ ।
- धान, मकै जस्तिा कृषि उपजहरुको उचित मूल्य प्राप्तीका लागि ३ वटा सहकारी र ३ वटा निजी उद्यमीहरुलाई खाद्यान्न भण्डारण तथा प्रशोधनका लागि ड्रायर तथा भण्डारण गृह निर्माणमा सहयोग उपलव्ध गराईएको छ ।

**५.४.२ मन्त्रालय मातहतका निकायवाट संचालित मुख्य मुख्य कार्यक्रम कार्यान्वयनबाट प्राप्त प्रतिफल**

- **पशुजन्यपदार्थ उत्पादन, बिबिधिकरण र बजारीकरणमा अनुदान सहयोग कार्यक्रमः** ३ वटामासुजन्य उद्योग स्थापना भै दैनिक ५००के.जी. मासु खपत गरी ससेज, अचार, सकुटी उत्पादन गरी बजारिकण भएको यसवाट २२ जनाले प्रत्येक्ष रोजगारी पाएको, ६ जना कृषकहरु ब्यवसायीक बाख्रा पालनमा संलग्न भई बार्षिक ३०० भन्दा बढी खसी उत्पादनभएको, १४ जना दुग्ध प्रसोधन उद्यमीहरु दुग्धपरिकार विविधिकरण व्यवसायमा आवद्ध भई दैनिक दुध ४५०० लिटर दुध संकलन गरी दुध प्रसोधन र परिकार विविधिकरण गरी घिउ तथा छुर्पी उत्पादन गरिएको छ।
- **साना डेरी प्रशोधन केन्द्र स्थापनाः** ३२ वटा साना डेरी उद्योगहरुबाट दैनिक दुध १५००० लिटर दुध संकलन गरी घिउ, छुर्पी, चिज, लगायत दुधका परिकार बनाउने र दुध चिस्यान गरी डेरी उद्योगहरुमा विक्री गरी १५० जनाले प्रत्येक्ष रोजगारी सिर्जना भएको र यसबाट १२०० जना कृषकहरुबाट उत्पादन भएको दुधको बजारीकरणमा सहयोग पुगेको छ।
- **हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा प्रवर्द्धनकार्यक्रमः** आ.ब.२०७५/७६ वाट कार्यक्रमसंचालन भएका ४ वटा दुध सम्बन्धी कुनै कारोवार नभएका सहकारीमा आवद्ध सदस्यहरु करिब १००० कृषकहरु प्रत्यक्ष लाभान्वित भई ८ वटा दुध संकलन केन्द्रहरु स्थापना भई दैनिक १० हजार लिटर दुध संकलन गरी बजारीकरण गरेको । साना कृषकहरु गाई पालन व्यवसाय आबद्ध भई कम्तिमा २ देखि २० वटा सम्म उन्नत गाई पालन गरेको । आ.ब.२०७७/७८ वाट कार्यक्रम संचालन भएका ३ वटा सहकारीमा आवद्ध सदस्यहरु करिब ३०० कृषकहरु प्रत्यक्ष लाभान्वित भई ३ वटा दुध संकलन केन्द्रहरु स्थापना भई दैनिक २ हजार लिटर दुध संकलन गरी बजारीकरण गरेको ।३०० साना कृषक घरधुरीहरु गाई पालन व्यवसाय आबद्ध भई कम्तिमा २ देखि ३ वटा सम्म उन्नत गाई पालन गरेको
- **व्यवसायीक बंगुर प्रवर्द्धन प्रादेशिक अभियानः** ८२ वटा साना र ३६ वटा मझौला गरी ११८ वटा बंगुरको फार्महरु नयाँ खोर निर्माण तथा स्तरोन्नति भई बंगुरका बार्षिक २५०,००० पाठापाठी उत्पादन हुने

यसवाट प्रदेश बंगुरको पाठापाठी उत्पादनमा आत्मनिर्भर भएको साथै बंगुरको मासुमा समेत आत्मनिर्भरता उन्मुख छ । यस प्रदेशबाट भारतको सिक्किम, सिलगुडी, दार्जेलिङ्ग, भुटान लगायत नेपालको अन्य प्रदेशहरुमा समेत बंगुर पाठापाठीहरु र मासुको लागि बंगुर निर्यात हुने गरेको ।

- **गाई पालन व्यवसायमा यान्त्रिकरणमा सहयोग(मोडल फार्म स्थापना)** आधुनिक यन्त्र उपकरण को प्रयोग गरी २ वटा सहकारी संस्थाहरु व्यवसायी गाई पालन आबद्ध भईभई दैनिक ८०० लिटर दुध उत्पादन गर्नुका साथै ब्यवसायीक गाईपालन गर्न इच्छुक किसानहरुले स्थलगत शिप ज्ञान लिन सक्ने श्रोत केन्द्रको रुपमा विकास भएको ।
- **सकृय कृषि तथा पशु सहकारी संस्था, समिति र अन्य संस्थाहरुसंगसहकार्यमा व्यवसायिक पशुपालन पालन कार्यक्रमः**२१ वटा सहकारीमा आवद्ध ६६२ जना साना कृषकहरुले गाई/भैसी, बाख्रा, बंगुर पालन कार्यक्रमहरु आबद्ध भई गोठ/खोर निर्माण तथा स्तरउन्नति, उन्नत नश्लको प्रयोग तथा नश्ल सुधार, दुध चिस्यान केन्द्र निर्माण, खसीवोका तथा व्गुर उत्पादन गरी व्यवसायिक पशुपालन तर्फ उन्मुख भएका । सहकारीहरुबाट दैनिक थप दैनिक ५००० लिटर दुध उत्पादन, २००० खशीवोका र ५०० वंगुरका पाठपाठी उत्पादन भएका छन ।
- **नमुना व्यवसायीक बाख्रा फार्म स्थापना कार्यक्रमः**बाख्रापालनका लागि उन्नत नश्लको प्रयोग तथा सुधारिएको खोर निर्माण मार्फत ५४ जना व्यवसायीहरु प्रत्यक्ष लाभान्वित भएको । बार्षिक ३००० खसी/बोका उत्पादन गरी खसी/बोका आयात प्रतिस्थापनमा सहयोग पुऱ्याएको र यसमध्ये केही फार्महरु बाख्राकव श्रोतकेन्द्रको रुपमा विकास हुने ।
- ३५ वटा सहकारीहरु संलग्न **सगरमाथा विशिष्टिकृत सहकारी संघ मार्फत धुलो दुग्ध कारखाना स्थापनाका** लागि यन्त्र उपकरण खरीदको वोलपत्र स्वीकृत गरी निर्माण कार्य शुरु ।यस आ.व. भित्रमा सम्पन्न हुने ।
- तेह्रथुमको कियाचु कृषि सहकारी संस्था लि.र मन्त्रालयको लागत सहभागितामा ६५० मे.टन क्षमताको **कोल्ड स्टोर स्थापना** भई स्थानीय स्तरमा उत्पादित तरकारी, फलफूल, आलु र अदुवा भण्डारण गर्ने पुर्वाधार तयार भएको ।
- झापाको अर्जुनधारामा वार्षिक रुपमा १ लाख २० हजार **टिस्यु कल्चर विरुवा उत्पादन** गर्न सक्ने टिस्यु कल्चर प्रयोगशाला स्थापना भएको ।यसवाट प्रदेशमा नैं गुणस्तरीय विरुवा उत्पादन हुने अपेक्षा गरिएको ।
- ४ वटा कृषि उपज बैकहरुको निर्माण भई करीव ८००० मे.टन **खाद्यान्न भण्डारण पुर्वाधार** तयार भएको । यी कृषि उपज बैकहरुले चालु आ.ब.वाट नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा खाद्यान्न खरीद गरी भण्डारण गरी कृषकहरुलाई कृषि उपजको अचित मूल्य उपलब्ध गराउन सहयोग पुग्ने अपेक्षा गरिएको ।
- ४ वटा साना चिया उद्योगहरुलाई **चिया प्रसोधन पुर्वाधार निर्माणमा** सहयोग गरी वार्षिक रुपमा थप २५००० केजी अर्थोडक्स चिया प्रसोधन हुने । त्यसैगरी ७५ रोपनी क्षेत्रफलमा चिया विस्तार तथा ५ लाख चियाको विरुवा उत्पादन गर्न सक्ने नर्सरी पुर्वाधार निर्माणमा सहयोग गरिएको
- प्रदेशका विभिन्न स्थानमा उत्पादन हुने **तरकारी, आलु तथा फलफूलहरु भण्डारणका** लागि विभिन्न स्थानीय तह,सहकारी संस्था, कृषि बजार समिति र निजी उद्यमी समेतको लागत सहभागितामा ११ स्थानमा गरी जम्मा ७५० मे.टन क्षमताका साना कोल्ड रुमहरु स्थापना भएका । यसवाट तरकारी, आलु तथा फलफूलहरुको भण्डारण सहजता आई कृषि ब्यवसायिकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको ।
- विभिन्न स्थानमा सहकारिसंस्था तथा निजी उद्यमी समेतकव लागत सहभागितमा जम्मा १५ मे.टन प्रति घण्टाका दरले **खाद्यान्न सुकाउने ड्रायर निर्माण तथा जडान** गरिएको यसवाट चैतेधान तथा हिउदे मकै

सुकाउन सहज हुने तथा यसवाट सुकाएको खाद्यान्नको गुणस्तर समेत राम्रो भई बढी मूल्य प्राप्त हुनेअपेक्षा गरिएको ।

- धनकुटामा **फलफूल तथा तरकारी सुकाई प्याकिङ्ग समेत गर्न पुर्वाधार निर्माण** तथा यन्त्र उपकरण खरीदमा सहयोग गरिएको । यसावाट दैनिक ८०० केजी फलफूल तथा तरकारी प्रसोधन पुर्वाधार तयार हुनेछ ।
- ईलाममा **कफी प्रसोधन केन्द्र स्थापनामा** सहयोग गरी वार्षिक २४ मे.टन सुख्खा कफी दाना उत्पादन गर्ने पुर्वाधार तयार भएको । यसवाट आसापसका क्षेत्रमा कफी खेती विस्तारह हुनेछ ।
- यसैगरी ४०४० वर्ग मीटर क्षेत्रमा **स्थायी प्लाष्टिक टनेल** तथा ४५६२ वर्ग मीटर क्षेत्रफलमा तरकारी उत्पादनका लाग **हाईटेक ग्रीनहाउसहरु निर्माण** गरिएको छ । यसवाट बेमौसमी तरकारी तथा गुस्तरीय तरकारीउत्पादनमा सहयोग पुग्ने छ। यसरी निर्माण गरिएका संरचनाहरुमा वार्षिक रुपमा प्रति बर्ग मीटर ५०० खेखी १२०० रुपैया आम्दानी हुने गर्दछ भने खुल्ला खेतावारीमा २०-५० रुपैया मात्र वार्षिक रुपमा आम्दानी हुने गर्छ ।
- विभिन्न संस्था तथा सहकारीहरुसँग गरी ६ वटा **कस्टम ह्यारिङ्ग केन्द्रहरुको स्थापना** गरिएको छ । यी केन्द्रहरुवाट किसानहरालई आवश्यक पर्ने विभिन्न प्रकारका यन्त्र तथा उपकरणहरु सहुलियत भाडा दरममा उपलब्ध हुनेछन ।
- स्थानीय तहहरुको लागत सहभागितामा ३ वटा कृषि बजारहरुको निर्माण गरिएको छ ।सहकारी संस्थाको लागत सहभागितामा एउटा **बजार पुर्वाधार निर्माण** भएको छ ।
- विभिन्न कृषि उद्यमी तथा सहकारी संस्था गरी ५ वटा **कृषि उपज ढुवानी साधन खरीदमा सहयोग** उपलब्ध गारईएको छ । कृषि पर्यटन प्रवर्द्धनका लागि ५ वटा कृषि पर्यटन उद्यमालई सहयोग उपलब्ध गराईएको छ ।
- **प्राङ्गारीक मल खरीद गर्ने किसानहरुलाई प्रति किलो रुपैयाका दरले प्रोत्साहान** गरी करीव २०७ मे.टन प्राङ्गारीक मल सहुलियतमा उपलब्ध गराईएको छ।

## ५.५आन्तरिक मामिला तथा कानून मन्त्रालय

### ५.५.१ आ.व.२०७७/७८ मा मन्त्रालयबाट सम्पातिदत प्रमुख कार्यहरुः-

- प्रहरीहरुको क्षमता विकास र संरचनागत सुधार कार्यक्रम अन्तर्गत ४९ वटा प्रहरी चौकी निर्माण कार्यको निरन्तरता, यस आ.ब.मा करिब ४२ सम्पन्न र बाँकिको ६०% कार्य सम्पन्न ।
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रका लागि ११ थान पिकअप र ११ थान वारुणयन्त्र खरिद र हस्तान्तरण गरिएको।
- प्रदेश सरकारबाट निर्णय भए बमोजिम आर्थिक सहायता उपलब्ध गराईएको ।

| विवरण | रकम |
|---|---|
| आर्थिक सहायता (अन्य सामाजिक सुरक्षा) | २१,००,०००।- |
| राहत वितरण (उद्दार राहत तथा पुनर्स्थापना खर्च) | २९,६१,८५५।- |
| विपद् व्यवस्थापन कोष सञ्चालन | ५,००,०००।- |

- संखुवासभाको सिलिचोङमा गएको पहिरोबाट विस्थापित ८३ घर परिवारलाई र पाँचथर (दोभान) मा भएको आगलागिबाट पीडित ४९ घरधुरीका परिवारहरुका हेलिकप्टरबाट उद्धार तथा स्थलमार्गबाट खाद्यान्न टेन्ट, म्याट्रेस सहितका उद्दार राहतका सामग्री पठाईएको ।
- नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्रदेश डायरी निर्माण तथा प्रशारण साप्ताहिक रुपमा सञ्चालन ।
- एफ.एम/रेडियो इजाजत पत्र सम्बन्धी कागजात केन्द्रबाट ल्याई दर्ता नविकरण कार्य शुरु गरिएको ।
- सुचना विभागमा दर्ता भएका ३६ वटा एफ.एम. रेडियोहरुको आ.ब. २०७८।७९ का लागि नविकरण भएको ।
- यस प्रदेश भित्र सञ्चालनमा रहेका १०० वाट भन्दा माथि १००० वाटसम्मका एफ.एम.हरुले रोयल्टी बुझाउने कार्य निरन्तर रुपमा भइरहेको ।
- प्रदेश प्रहरी कार्यालयको भवन सम्पन्न भएको ।
- प्रादेशिक प्रत्रकारिता पुरस्कार प्रदान गरिएको ।

## ५.६भौतिक पूर्वाधार विकास मन्त्रालय

### ५.६.१ आ.व.२०७७/७८ मा मन्त्रालयबाट सम्पातिदत प्रमुख कार्यहरुः-

- प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा संचालन हुने ६२ वटा बहुवर्षिय सडकहरु मध्ये ५२ वटा सडकहरुको निर्माणलाई निरन्तरता दिइएको । २ वटा सडकको निर्माण कार्य सम्पन्न भएको । बिरटचोक घिनाघाट सडकलाई प्रदेश गौरबको आयोजनाको रुपमा चार लेनको मापदण्ड अनुसार दोस्रो १० किखण्डमा .मि. .४०कालोपत्रे कार्य शुरुवात गरिएको । यातायात पूर्वाधार क्षेत्रमा ५ किवटा ८ ,सडक कालोपत्रे .मि . र्माण सम्पन्न गरिएको।वटा झोलुंगे पुलको नि ४४सडकपुल र
- ६२ वटा बहुवर्षिय सडकहरु मध्ये ५० वटा सडकहरु निर्माण चरणमा रहेको । १० वटा सडकहरु ठेक्का प्रक्रियामा रहेको । ७८ वटा बहुवर्षिय सडक पुल र ९८ वटा झोलुङ्गे पुलहरु निर्माणाधीन रहेको।
- प्रदेशको कृषियोग्य जमिनमा भरपर्दो सिंचाई सुविधा पुर्याउनका लागि ठूला, मझौला, साना तथा नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीहरुका ४२४ वटा सिंचाई आयोजनाहरु सम्पन्न गरि १०८८३ हेक्टर जमिनमा थप सिंचाई सुबिधा पुर्याईएको ।नदी नियन्त्रण तर्फ १२.७९ कि.मि. तटबन्ध निर्माण बस्ती संरक्षण र १७३ हेक्टर कृषियोग्य जमिन उकास गरिएको । २३ स्थानमा पहिरो व्यवस्थापनको कार्य गरिएको ।
- खानेपानी तथा सरसफाई तर्फ १०५९ वटा क्रमागत आयोजनाहरुको कार्यान्वयनलाई निरन्तरता दिईएकोमा २७ वटा आयोजना र १४१ वटा खानेपानी स्किमहरु सम्पन्न गरि ५६६०० जनामा थप खानेपानी सुबिधा विस्तार गरिएको ।
- भवन तथा शहरी विकास तर्फ १३३७ वटा जनता आवास भवन, १० वटा सामुदायिक भवन, २७ वटा अन्य सार्बजनिक निर्माण, २२ वटा प्रहरी चौकी निर्माण र ५.२५ कि.मि. शहरी सडक कालोपत्रे कार्य सम्पन्न गरिएको ।
- यातायात सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त दुरुस्त र नवीनतम प्रविधिमा आधारित बनाउन अनलाईन विद्युतीय प्रबिधि मार्फत सेवा प्रवाहको पहिलो मोड्युलको शुरुवात गरिएको ।

### ५.६.२ भौतिक पूर्वाधार विकास मन्त्रालयवाट आ.व. ०७७/०७८ मा गरेका कार्यहरुको संक्षिप्त भौतिक उपलव्धी विवरणहरु

## खानेपानी तथा सरसफाइ तर्फ

### आ. व. २०७७/७८ मा संचालित खानेपानी आयोजनाहरुको संख्या

| क्र.सं. | डिभिजन कार्यालय | | प्रदेश तर्फ | संघ तर्फ | जम्मा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाँचथर | पाँचथर | ४३ | १८ | ६१ |
| | | ताप्लेजुङ | ४२ | | ४२ |
| २ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय ओखलढुङ्गा | ओखलढुङ्गा | ५४ | २४ | ७८ |
| | | सोलुखुम्बु | ३६ | १० | ४६ |
| ३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरी | सुनसरी | ७९ | ४७ | १२६ |
| | | मोरङ | ११५ | ५६ | १७१ |
| ४ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय झापा | झापा | १२२ | ६४ | १८६ |
| | | ईलाम | ४० | ४४ | ८४ |
| ५ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय धनकुटा | धनकुटा | ७२ | २९ | १०१ |
| | | तेह्रथुम | ५४ | १६ | ७० |
| ६ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खोटाङ | खोटाङ | ४७ | ४५ | ९२ |
| | | उदयपुर | ७५ | ४९ | १२४ |
| ७ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय भोजपुर | भोजपुर | ४४ | १४ | ५८ |
| | | संखुवासभा | ५० | ४५ | ९५ |
| | **जम्मा** | | ८७३ | ४६१ | १३३४ |

### आ. व. ७७/७८ को खानेपानी क्षेत्रको प्राप्त उपलब्धी

| प्रतिफल सूचक | ईकाइ | प्रगति |
|---|---|---|
| पाइप उपलब्धी | कि.मी. | १२२५ |
| इन्टेक निर्माण | गोटा | ४०१ |
| पाइप लाइन जडान | कि.मी. | १२४२ |
| पानीपोखरी निर्माण | गोटा | ४८३ |
| धारा जडान निजी | गोटा | १५७७७ |
| धारा निर्माण सार्वजनिक | गोटा | २५१ |
| सम्पन्न स्किम संख्या | गोटा | १४१ |
| सम्पन्न आयोजना संख्या | गोटा | २७ |
| थप लाभान्वित जनसंख्या | जना | ५६६२४ |

15

## भवन तथा शहरी विकास तर्फ

| क. स. | कार्यालयको नाम | जनता आवास (गोटा) | सामुदायीक भवन (गोटा) | अन्य सार्बजनिक निर्माण (पार्क, खेल मैदान, मठ मन्दिर, गुम्बा, भ्युटावर, अन्य भवन) (गोटा) | प्रहरी भवन (गोटा) | सडक कालोपत्रे तथा ढलान कार्य (कि.मी.) |
|---|---|---|---|---|---|---|
| १ | शहरी विकास तथा भवन कार्यालय, ईलाम | ३७६ | ३ | | २ | ३.०० |
| २ | शहरी विकास तथा भवन कार्यालय, मोरङ्ग | ८२९ | | | १० | |
| ३ | शहरी विकास तथा भवन कार्यालय, धनकुटा | ८५ | ४ | ३ | ३ | २.२५ |
| ४ | शहरी विकास तथा भवन कार्यालय, ओखलढुंगा | ४७ | ३ | २४ | ७ | |
| | जम्मा | १३३७ | १० | २७ | २२ | ५.२५ |

## सडक तथा पूर्वाधार विकास तर्फ

चालु आ.व. २०७७/७८ मा संचालित आयोजनाहरुको भौतिक प्रगतिको अवस्था

| सि.नं. | कार्यालयको नाम | सडक निर्माण सम्पन्न भएका (कि.मी.) | | | | | | मोटरेवल पुल निर्माण सम्पन्न (संख्या) | झोलुङ्गे पुल निर्माण सम्पन्न | ट्र्याक ओपन (कि.मी.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मर्मत | ग्रावेल | कच्ची | (RCC / PCC) | सोलिङ्ग | कालोपत्रे | | | |
| १ | यातायात पूर्वाधार निर्देशनालय, ईटहरी | | | | | | | | | |
| २ | पूर्वाधार विकास कार्यालय, पाँचथर | १.४३ | १५.७४ | ७.१९ | ०.१५ | ०.४६ | ०.०० | १.०० | १०.०० | ९.१९ |
| ३ | पूर्वाधार विकास कार्यालय, झापा | १.२० | १३.१२ | २०.०० | - | - | २८.०० | १.०० | ५.०० | |
| ४ | पूर्वाधार विकास कार्यालय, मोरङ्ग | | ९५.४६ | | | | ६.४१ | २.०० | ८.०० | |
| ५ | पूर्वाधार विकास कार्यालय, संखुवासभा | ०.५० | ८.०० | | ०.१० | ०.३० | | १.०० | ४.०० | १०.०० |
| ६ | पूर्वाधार विकास कार्यालय, भोजपुर | १८.०० | ३३.०० | १५५.०० | १.७५ | २.०० | ६.२० | | ११.०० | ३५.०० |
| ७ | पूर्वाधार विकास कार्यालय, उदयपुर | २५.०० | ०.०० | ०.०० | | | ०.०० | १.०० | १.०० | |
| ८ | पूर्वाधार विकास कार्यालय, ओखलढुंगा | ५.०० | १०.०० | १७.०० | ०.४० | ०.०० | ०.०० | २.०० | ५.०० | १.०० |
| ९ | प्रादेशिक बिशेष सडक निर्माण आयोजना, विराटनगर | | | | | | | | | |
| | जम्मा | ५१.१३ | १७५.३१ | १९९.१९ | २.४० | २.७६ | ४०.६१ | ८.०० | ४४.०० | ५५.१९ |

## यातायात व्यवस्था सेवा कार्यालयतर्फ

आ.व. ०७७/७८ को असार महिना सम्मको सवारी दर्ता विवरण

| सि.नं. | सवारीको किसिम | यातायात व्यवस्था/सेवा कार्यालय: | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | झापा | धनकुटा | उदयपुर | मोरङ्ग | इलाम | सुनसरी | ओखलढुङ्गा | जम्मा |
| १ | सार्वजनिक | ९१ | ० | १६ | १ | ० | ७० | ० | १७८ |
| २ | पर्यटन | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | निजी | १६६० | ३ | ३७३ | ४०६ | १३३ | ५१३७ | २ | ७७१४ |
| ४ | सरकारी | ७ | ० | १६ | ६ | १७ | ३६ | ० | ८२ |
| ५ | संस्थान | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | कुटनितिक | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | १७५८ | ३ | ४०५ | ४१३ | १५० | ५२४३ | २ | ७९७४ |
| | गत महिना सम्मको जम्मा | १६७९९ | ७२ | ३१२६ | ३३४१ | २३६४ | ४०३०३ | १७ | ६६०२२ |
| | **यस महिना सम्मको जम्मा** | **१८५५७** | **७५** | **३५३१** | **३७५४** | **२५१४** | **४५५४६** | **१९** | **७३९९६** |

जलस्रोत तथा उर्जा विकास तर्फ

प्रदेशको आठ मध्यपहाडी जिल्लाको साठी स्थानिय निकाय मार्फत संघ, प्रदेश, स्थानिय निकाय, उपभोक्त तथा वैदेशिक सहयोगी दातृ निकायको लागत साझेदारीमा संचालित साना सिंचाइ कार्यक्रमको तपशिल अनुसारको प्रगति उपलव्धि विवरण।

| SIP CONSTRUCTION PROGRESS | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N. | Cluster | Schemes Completed in FY 77-78 | | | | | | | | |
| | | Red book target | Detail survey | PPR completed | Agreement Completed | Construction completed | Command Area (ha) | Beneficiary HHs | Physical Progress % | |
| 1 | Bhojpur* | 19 | 19 | 17 | 17 | 8 | 164 | 312 | 62.11 | |
| 2 | Dhankuta | 32 | 32 | 32 | 32 | 13 | 343.2 | 900 | 64.38 | |
| 3 | Ilam | 43 | 43 | 43 | 43 | 16 | 392.3 | 997 | 62.33 | |
| 4 | Khotang | 84 | 84 | 84 | 84 | 47 | 467.8 | 1468 | 73.57 | |
| 5 | Okhaldhunga | 58 | 58 | 57 | 57 | 48 | 422.94 | 2007 | 89.14 | |
| 6 | Panchthar | 18 | 18 | 18 | 18 | 4 | 140 | 414 | 53.33 | |
| 7 | Terathum | 13 | 13 | 13 | 13 | 5 | 84.7 | 235 | 63.08 | |
| 8 | Udayapur | 70 | 70 | 70 | 70 | 44 | 496 | 1953 | 77.71 | |
| | **Total** | **337** | **337** | **334** | **334** | **185** | **2511** | **8286** | **68.21** | |
| | * 2 schemes were dropped by Arun RM due to budget deficiency | | | | | | | | | |
| | **1 schemes was dropped as it was unfeasible | | | | | | | | | |

| कार्यक्रम/क्रियाकलाप | बजेट | आ.व. २०७७-७८ को खर्च विवरण | खर्च प्रतिशत |
|---|---|---|---|
| साना सिंचाइ सार्वजनिक निर्माण लागत साझेदार | | | |
| संघिय सरकार २० प्रतिशत | ३४१,७६८,९३५ | १७०,२५०,९०३ | ४९.८१% |
| प्रदेश सरकार २० प्रतिशत | | | |
| स्थानिय सरकार २० प्रतिशत | | | |
| उपभोक्ता १० प्रतिशत | | | |
| सहयोगी दातृनिकाय ३० प्रतिशत | | | |
| जम्मा खर्च | ३४१,७६८,९३५ | १७०,२५०,९०३ | |
| स्वीस सरकारको निकासाबाट संघीय सरकारको पनि खर्च गरिएको छ। | | | |
| माथि उल्लेख गरिएको खर्च लृखापरिक्षण पूर्वका खर्च हुन्। | | | |

## ५.७ सामाजिक विकास मन्त्रालय

### ५.७.१ स्वास्थ्य

**(क) कोभिड- १९ रोकथाम तथा नियन्त्रण सम्बन्धी**

- कोशी अस्पताल कोभिड- १९ उपचार केन्द्र, विराटनगरका लागि आवश्यक स्वास्थ्यकर्मी खुला प्रतिस्पर्धात्मक विधिबाट करार सेवामा नियुक्ति गरी व्यवस्थापन गरिएको।
- कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र, विराटनगरमा नागरिक केयर सेन्टरसंगको सहकार्यमा **HDU**सहित १०० शैया विस्तारको गरिएको ।

- कोभिड-१९ बाट संक्रमित व्यक्तिहरूको उपचारका निम्ति करारमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको र त्यसकार्यमा खटिने स्वास्थ्यकर्मीहरूका लागि आवास, खाना र जोखिम भत्ता प्रबन्ध गरिएको।
- कोभिड-१९ बाट मृत्यु भएका व्यक्तिहरूको दाहसंस्कार गर्न शववाहनको व्यवस्था गरिएको।
- प्रादेशिक स्वास्थ्य आपतकालीन व्यवस्थापन केन्द्र र कोभिड रिपोर्टिङ युनिटमार्फत प्रदेशभरका कोभिड संक्रमण अवस्थाको दैनिक तथ्याङ्क संकलन गरी सूचना प्रवाह गरिएको।साथै संक्रमितहरूको Contact Tracing लगायतका आवश्यक विवरण संकलन गरी सम्बन्धित निकायहरूमा जानकारी गराइरहेको।
- कोभिड-१९ बाट संक्रमित व्यक्तिहरूको उपचारका निम्ति करारमा आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको र त्यस कार्यमा खटिने स्वास्थ्यकर्मीहरूका लागि आवास, खाना र जोखिम भत्ताको प्रबन्ध गरिएको।
- कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारका निम्ति आवश्यक सुरक्षा सामग्री (PPE,स्यानिटाइजर, मास्क, ग्लोब आदि) तथा अन्य उपकरण, औजार र औषधिको व्यवस्थापन गरिएको।
- कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र भर्ना भएका बिरामीहरूलाई आवश्यक पर्ने अक्सिजनका लागि अक्सिजन उत्पादक कम्पनीसँग सम्झौता गरी नियमित आपूर्तिको प्रबन्ध मिलाइएको।
- कोभिड-१९ संक्रमणबाट शंकास्पद तथा संक्रमितहरूलाई रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न आयुर्वेद औषधि तथा वनस्पतिजन्य जडिबुटी वितरण गरिएको।
- प्रदेशका सबै जिल्लामा कोभिड-१९ विरूद्धको खोप अभियान सञ्चालन गरिएको।
- स्थानीय पालिकाहरुलाई कोभिड-१९ व्यवस्थापनमा सहजीकरणगर्ने, कोभिड-१९ नियन्त्रणतथा रोकथामका लागि Contact Tracing, Swab Collection,परीक्षण र परीक्षणको नतिजा जानकारी गराउने लगायतका कार्यहरु एवं आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीलाई Onsite Coaching,औषधि तथा अन्य सामाग्री व्यवस्थापन गर्ने कार्य स्वास्थ्य कार्यालयमार्फत गरिएको।
- कोभिड-१९ संक्रमणबाट मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनमा Logistic Supportगरिएको।
- RT-PCRपरीक्षणका लागि मेसिन तथा आवश्यक केमिकल व्यवस्थापन गरी प्रदेशका ६ स्थानमा परीक्षण गर्ने व्यवस्था मिलाइएको ।
- मातहतका अस्पतालहरूमा कम्तीमा २० बेडको आइसोलसन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको। साथै आक्सिजन सिलिन्डर तथा अक्सिजन कन्सन्ट्रेटर व्यवस्थापन गरिएको।
- स्थानीय पालिकामा कोभिड-१९ रोकथाम नियन्त्रण तथा आइसोलेसन केन्द्र सञ्चालनका लागि बजेट तथा स्वास्थ्य सामग्रीहरू उपलब्ध गराइएको।

**(ख) जनस्वास्थ्य सम्बन्धी**

- ७७ जना विद्यालय नर्स, १० जना मेडिकल ल्याव टेक्नोलोजिस्ट, २ जना आयुर्वेद चिकित्सक, ४ जना होमियोप्याथी चिकित्सक तथा १ जना डेन्टल चिकित्सकहरू करारमा नियुक्ति गरी सम्वन्धित विद्यालय तथा अस्पतालहरूमा कामकाज गर्न सिफारिस गरिएको ।
- हेमोफेलिया भएका बिरामीहरूका लागि एन्टि हेमोफेलिक फ्याकटर व्यवस्थापन गर्न हेमोफेलिया सोसाइटी नेपाल प्रदेश नं. १ सँग सम्झौता गरी कार्य प्रारम्भ गरिएको ।
- आङ् खस्ने रोगको कन्जरभेटिभ म्यानेजमेन्टका लागि सेवा प्रदायकलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- तथ्यांक गुणस्तर सुधारका लागि एल.एम.आइ.एस./एच.एम.आई.एस./ डि.एच.आई.एस.एस. सम्बन्धी स्थलगत सहजीकरण/मेन्टोरिङ गरिएको।
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमार्फत प्रदेशका सम्पूर्ण स्वास्थ्य संस्थामा आवश्यक औषधी तथा औषधीजन्य सामाग्री, खोप सामग्रीहरु तथा अन्य अभिलेख प्रतिवेदन फारम लगायतका सामग्रीहरुको व्यवस्थापन तथा वितरण गरिएको।

- सुनसरी(दुहवी नपा, बराह नपा, बर्जु गापा र भोक्राहा नरसिंह गापा), इलाम( माई नपा, फाकफोकथुम गापा र माङसेबुङ गापा) र संखुवासभा ( चैनपुर नपा, पाँचखपन नपा र मकालु गापा) का १० स्थानीय तहका १० वटा स्वास्थ्य संस्थामा ग्रामीण आमा स्वास्थ्य सुरक्षा कार्यक्रम प्रारम्भ गरिएको र उक्त स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरस्थापनागरी SemiAutomatic Bio chemistry analyzer and Portable Ultra Soundमेसिन र प्रसुति प्रतिक्षालयव्यवस्थापनका लागि तथा सुरक्षित गर्भपतन सेवा सञ्चालनका लागि औजार/उपकरण खरिद गरी हस्तान्तरण गरिएको।

**(ग) स्वास्थ्य सम्बन्धी तालिम**

- नवनियुक्त विद्यालय नर्सहरूलाई सेवा प्रवेश तालिम -७८ जना
- राजमार्ग आसपासमा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई प्राइमरी ट्रमा केयर तथा ट्रायज तालिम-१० जना
- पाठेघरको मुखको क्यान्सर पहिचानका लागिVIA तालिम-२३ जना
- पोर्टबल अल्ट्रासाउन्डसम्बन्धी तालिम -५ जना

**(घ) जनस्वास्थ्य प्रयोगशालासम्बन्धी**

- स्नातकोत्तर क्याम्पसको जग्गा लिजमा लिइसेभ द चिल्ड्रेनमार्फत विराटनगरमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भवन निर्माण कार्य भइरहेको ।
- पि.सि.आर. परीक्षणका लागि स्वाव संकलन तथा परीक्षणको व्यवस्थापन गरिएको।
- प्रदेश अन्तर्गतका अस्पतालहरूमा विशिष्टिकृत प्रयोगशाला परीक्षण सेवा प्रारम्भ गरिएको।

**(ङ) अस्पताल सम्बन्धी**

- मेची अञ्चल अस्पतालमा २५ शैयाको HDUसञ्चालनका लागि आवश्यक औजार/उपकरण खरिद गरी जडान गरिएको।
- मेची अञ्चल अस्पताल, जिल्ला अस्पताल पाँचथर, भोजपुर र संखुवासभामा अक्सिजन प्लान्ट जडान भएको र उदयपुर अस्पतालमा पाइप फिटिङको काम सम्पन्न भएको।
- मेची अस्पतालमा डायलाइसिस सेवा विस्तार र सि.टी. स्क्यान तथाDR – Xrayउपकरण खरिद गरिएको।
- प्रदेश सरकार मातहतका सबै अस्पतालहरूको ल्याब स्तरोन्नति गर्ने कार्य शुरू गरिएको ।
- संखुवासभा, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, खोटाङ अस्पतालहरूर मेची अस्पतालमाइलेक्ट्रोनिक टोकन सिस्टम जडान भएको।
- पाँचथर, खोटाङ, तेह्रथुम, धनकुटा, पाँचथर, सोलुखुम्बु, संखुवासभा र ताप्लेजुङ अस्पतालहरूमा डिजिटल डिस्प्ले बोर्ड जडान भएको।
- उदयपुर, ताप्लेजुङ, तेह्रथुम, धनकुटा, पाँचथर र मेची अस्पतालमा रहेकामाइक्रोवायोलोजी ल्याब सेवासहित ल्याब स्तरोन्नति गरिएको।
- इनरूवा तथा सोलुखुम्बु र मेची अस्पतालमा फोहोर व्यवस्थापन भवन निर्माण गरिएको।
- सोलुखुम्बु, भोजपुर, ओखलढुङ्गा र ताप्लेजुङ अस्पताल बाहेकका अस्पतालहरूमा भिडियो कन्फरेन्सिङका लागि पूर्वाधार तयार भएको।
- जिल्ला सोलुखुम्बु अस्पताल र इनरूवा अस्पताल बाहेकका सबै अस्पतालहरूमा फोहोर व्यवस्थापनका लागि अटोक्लेभ मेसिन खरिद गरिएको।
- जिल्ला अस्पताल ताप्लेजुङमा Maternity waiting Homeनिर्माणको काम अन्तिम चरणमा रहेको।
- मेची अञ्चल अस्पतालमा २ वटा र जिल्ला अस्पताल भोजपुर/ इनरूवामा १/१ वटा, जिल्ला अस्पताल धनकुटा र पाँचथरमा १० ICU वेड सहित ४/४ वटा भेन्टिलेटर, इलाममा २ वेड ICU वेड सहित १ वटा भेन्टिलेट मेसिन खरिद गरिएको।साथै जिल्ला अस्पताल भोजपुर, इनरूवा र पाँचथरमा २ शैयाको एस.एन.सि.यु.सेवा विस्तार ।

- इनरूवा उदयपुर खोटाङ र धनकुटा अस्पतालका सघन उपचार कक्षको मर्मत गरिएको।

**(च) आयुर्वेदसम्बन्धी**

- ४० वटा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको।
- सबै आयुर्वेद केन्द्रहरूमा ल्याब स्थापना गरिएको।साथै पंचकर्म (पूर्वकर्म) कार्यक्रम सञ्चालन गरिएको।

**५.७.२शिक्षा**

- ई-शिक्षा सञ्चालित२०९ वटा विद्यालयहरूमा स्मार्ट कक्षा (स्मार्ट बोर्ड, स्मार्ट टिभीर पावर व्याकअप) व्यवस्थापन गरिएको।
- १६ वटा शैक्षिक संस्थाहरूलाई आकस्मिक सहायतका (घेरावारा निर्माण, कक्षा कोठा निर्माण/मर्मत, स्वच्छ पिउने पानी प्रबन्ध,कम्पाउण्ड बाल निर्माण लगायत) लागि अनुदान उपलब्ध गराइएको।
- स्थानीय तहसँगको समन्वय र साझेदारीमा विद्यालय समायोजन/एकीकरण गरी पायक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहित ३ वटा ठूला विद्यालय विकासका लागिडिपीआरतयार भएको।
- १७ वटा स्थानीय तहसँगको साझेदारीमा २००० शिक्षकहरूलाई सूचना प्रविधि सम्वन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको ।
- राजपत्र अनंकित प्रथम श्रेणीका **२५** जना कर्मचारीहरूका लागि सेवाकालीन एक महिने शैक्षिक प्रशासन सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- कोभिड-१९ का कारणले विद्यालय बन्द भई अध्ययन/अध्यापन कार्यबाट बाहिर रहेका ( अनलाइन कक्षाले समेट्न नसकेका विद्यार्थीहरूलाई लक्षित) विद्यार्थीहरूको सिकाइ निरन्तरताका लागि स्थानीय तहको साझेदारीमा **हेलो विद्यार्थी कार्यक्रम** झापा, मोरङ, सुनसरी, धनकुटा, इलाम र तेह्रथुमका १० वटा स्थानीय तहमा कार्यक्रम गरिएको।
- बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि आवासीय विद्यालयको निर्माणाधीन भवनको पहिलो तलाको ढलानको काम सम्पन्न भएको।
- ७ वटा सार्वजनिक/सामुदायिक पुस्तकालयहरूको सुदृढीकरणका लागि अनुदान उपलब्ध गराइएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयमा निर्माणाधीन दुई तले पारा मेडिकल भवनको निर्माण कार्य अन्तर्गत पहिलो तल्लाको ढलानको काम सम्पन्न भएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयबाट स्नातक तहका ५ वटा(सिभिल इन्जिनिरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, बि. फार्मेसी, बि.एम.एल.टी. र बि.पि.एच.) र स्नाकोत्तर तहको १ वटा (स्टक्चरल इन्जिनिरिङ)प्राविधिक विषयका पाठ्यक्रमहरू निर्माण भएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयमा अनुसन्धान केन्द्र स्थापनाको लागि इलेक्ट्रिकल वर्क स्टेशन तथा मेकानिकल वर्कशपको सामान जडान गरी काम सम्पन्न गरिएको।साथै सिभिल विद्याको अनुसन्धान प्रयोजनका लागि ड्रोन खरिद गरी जडानको काम सम्पन्न गरिएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयमा आविश्कार केन्द्र स्थापनाको लागि सोयल इन्जिनियरिङ, स्टक्चरल, हाइड्रोलिक्स, फयुल्ड, र हाइड्रोपावर ल्याबसँग सम्बन्धित सामान जडान तथा हाइड्रोलोजी ल्याबको Weather Station जडान गरिएको।

**५.७.३ युवा तथा खेलकुद**

- शहीद रंगशाला विराटनगरमा फ्लडलाइट जडानको कार्य सम्पन्न भएको।
- युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम सम्पन्न गरिएको।
- जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सबै जिल्लामा सम्पन्न भएको।

- बाक्सिला रंगशाला खोटाङ, कमल गाउँपालिकामा रहेको खेल मैदान, फुङलिङ गा.पा.मा रहेको कभर्डहल निर्माण, मदन भण्डारी स्पोर्ट एकेडेमी खेलमैदान बिर्तामोड, दिप्सा खेलमैदान भोजपुरको निर्माण/स्तरोन्नति गरिएको। साथै जिल्ला स्तरीय रंगशाला/खेलमैदान स्तरोन्नति गरिएको।

**५.७.४ सामाजिक विकास(महिला अपाङ्गता भएका व्यक्ति ,बालबालिका ,ज्येष्ठ नागरिक)**

- बाल कल्याण गृहमा रहेका आश्रित बालबालिकाहरूको संरक्षण लागि १५ वटा बाल कल्याण गृहलाई सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग उपलब्ध गराइएको।
- बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाहरू रहेका ५ वटा संस्थालाई सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइएको।
- ज्येष्ठ नागरिक ग्रामको डिपीआर तयार भएको।
- स्थानीय तहसँगको लागत साझेदारीमा ९ वटा स्थानीय तहका १५५६ महिला तथा १२४४ पुरूष गरी जम्मा २८०० जनालाई दन्त उपहार कार्यक्रम मार्फत दाँत लगाइदिने काम भएको।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रदेशभित्र रहेका महिला उद्यमी मध्ये छनोट भएका २० जना महिला उद्यमीहरूलाई २ लाखका दरले र १ वटा महिला उद्यमी समूहलाई ५ लाखका दरले प्रविधि सहयोगका लागि रकम उपलब्ध गराइएको।
- मानव सेवा आश्रमसंगको सहकार्यमा सहयोगापेक्षी तथा सडकआश्रित मानवहरूको उद्धार तथा पुर्नस्थापनाको कार्य गरिएको। साथै हिंसापिडित महिला तथा वालवालिकाहरूको उद्धार गरिएको।

**आ.व.२०७७/७८ को नीति तथा कार्यक्रमको उपलब्धि विवरण (सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित)**

| बुँदा नं. | नीति तथा कार्यक्रम | उपलब्धि तथा वस्तुस्थिति |
|---|---|---|
| ६८ | कोभिड १९को रोकथाम, नियन्त्रण र उपचार एवंम् भविष्यमा आउन सक्नेविभिन्न महामारी विरूद्ध लड्न स्वास्थ्य सेवा प्रणालीलाईसबल र सुदृढ तुल्याउन आवश्यक जनशक्ति व्यवस्थापन गर्दै निरोधात्मक तथा उपचारात्मक एकिकृतस्वास्थ्य प्रणालीको विकास तथा सेवा विस्तारमा जोड दिइनेछ । | कोभिड १९को रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यकजनशक्ति व्यवस्थापन गरिएको |
| ६९ | कोभिड १९ को नियन्त्रण, रोकथाम र उपचार कार्यमा खटिने स्वास्थ्यकर्मी,अन्य कर्मचारीहरूको मनोबल उच्च राखी कार्य सम्पादनको स्तर बृद्धि गर्न र जनसेवाप्रति समर्पित बनाउन प्रदेश सरकारले उपयुक्त ढंगले प्रोत्साहित गर्नेछ । | कोभिड १९ को नियन्त्रण, रोकथाम र उपचार कार्यमा खटिनेस्वास्थ्यकर्मीहरूकालागि क्वारेन्टाइन, आवास तथा जोखिम भत्ताकोव्यवस्था गरिएको |
| ७० | प्रदेशका जिल्लास्थित अस्पतालहरूलाई आइसोलेशन वार्ड सहित १०० शैयाको क्षमतामा स्तरोन्नति गरिनेछ । | प्रदेश मातहतका सबै जिल्लामा आइसोलेशन वार्ड सञ्चालन ल्याइएको |
| | मेची अस्पताललाई कम्तिमा ६ वटा भेन्टिलेटर सहित स्तरोन्नती गरिनेछ । | **HDU** तथा भेन्टिलेटर थप गरिएको |
| | सबै अस्पताल तथा आयुर्वेद संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड निर्धारण र कार्यान्वयन गर्दै आयुर्वेद, प्राकृतिक | मेची अस्पताल र मदन भण्डारी तथा ट्रमा सेन्टरमा शुरू |

| | | |
|---|---|---|
| | चिकित्सा तथा होमियोप्याथी सेवाको समेत सेवा विस्तार गर्दै लगिनेछ । | |
| | प्रदेश जनस्वास्थ्य प्रयोगशालाको क्षमता अभिवृद्धि गरिनेछ । | भवन निर्माणको काम भइरहेको |
| | दिगो विकास लक्ष्यले निर्धारण गरेका स्वास्थ्य सम्बन्धी सूचकहरू हासिल गर्न स्वास्थ्य साक्षरता कार्यक्रम संचालन गरिनेछ । | स्वास्थ्य साक्षरता सञ्चालन कार्यक्रम संचालन गरिएको |
| २५ | विद्यालयहरूको भवन निर्माण र मर्मत सुधार | ४१ वटा विद्यालय |
| | विद्यालयहरूमा ई एजुकेशन संचालन | २०९ वटा विद्यालय |
| ७७ | कोभिड-१९का कारणले विद्यार्थीको पठनपाठनमा पर्न गएको प्रभावलाई ध्यानमा राखी आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ | हेलो विद्यार्थी कार्यक्रम सञ्चालन |
| | शिक्षाको गुणस्तर कायम गर्न, सुधार गर्न तथा शिक्षण सिकाई पद्धतिलाई व्यवस्थित बनाउन प्रादेशिक शिक्षा नीति, कानुन, शैक्षिक योजना तर्जुमा गरिनेछ । | शैक्षिक योजना तर्जुमा कार्य भैरहेको |
| | विद्यालय शिक्षामा गरिब, सिमान्तकृत, दलित तथा पिछडिएका समुदायका बालबालिकाहरूलाई गुणस्तरीय विद्यालय शिक्षाको पहुँच विस्तारका लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमलाई अभियानका रूपमा निरन्तरता दिदै सामुदायिक विद्यालयमा ई-एजुकेशनको पूर्वाधार विकास तथा विद्यालय नर्स सेवा विस्तार गर्दै लगिनेछ । | थप ७५ वटा विद्यालयमा विद्यालय नर्सिङ कार्यक्रम लागु<br>शैक्षिक गुणस्तर सुधार कार्यक्रम निरन्तरता |
| ८१ | मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गत आगामी आर्थिक वर्षमा हिमाली तथा पहाडी जिल्ला पाँथर, ताप्लेजुङ, संखुवासभा, भोजपुर, तेह्रथुम र सोलुखुम्बुमा बहुप्राविधिक शिक्षालय संचालन कार्य अगाडी बढाइनेछ । | सोलुखुम्बुमा बहुप्राविधिक शिक्षालयको लागि भवन निर्माण कार्य शुरू भएको |
| | प्रदेशमा संचालित अन्य प्राविधिक विद्यालयहरूबीच समन्वय तथा क्षमता विकास गरी प्रदेशका लागि आवश्यक सीपयुक्त दक्ष प्राविधिक जनशक्ति उत्पादन गरिनेछ। | सीपयुक्त दक्ष प्राविधिक जनशक्ती उत्पादन |
| ८३ | दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि मनमोहन प्राविधिक विश्वविद्यालयको संरचनागत तथा कार्यक्रमगत | ६ वटा पाठ्यक्रम निर्माण भएको तथा पारा मेडिकल भवन निर्माण पहिलो तला सम्पन्न |

| | | |
|---|---|---|
| | सुदृढिकरण गरिनेछ । | |

## ५ ८.प्रदेश सभा सचिवालय

- कोरोना भाइरस (कोभिड १९) को संक्रमणको जोखिम न्युनिकरणको लागि मास्क, स्यानिटाइजर जस्ता स्वास्थ्य सामग्रीको व्यवस्था सहित भौतिक दुरी कायम राख्न सभाको छैटौं तथा बजेट अधिवेशनमा २ वटा हल प्रयोग गरी स्क्रिन शेयरिङ मार्फत मितव्ययिता अपनाई बैठक सञ्चालनको अभ्यास
- प्रदेश सभा/ सचिवालयको परिसरभित्रै प्रदेश सभा हल निर्माणको लागि आ.व. ०७७/०७८ को बजेटबाट निर्माण हुनेगरी बोलपत्र आव्हान गरिएकोमा निर्माण सम्पन्न भई हाल सभाहल संचालनमा आइसकेको छ।
- विद्युत क्षमता विस्तारको लागि TOD मिटर जडान गर्ने कार्य सम्पन्न भएको
- कोरोना भाइरस (कोभिड १९) को जोखिमका लागि आवश्यक स्वास्थ्य सामग्रीको प्रबन्ध र PCR प्रविधिबाट कोरोना परीक्षणको व्यवस्था मिलाई परिक्षण नेगेटिभ देखिएका व्यक्तिहरुलाई मात्र सभा/सचिवालयको परिसरभित्र प्रवेश पाउने व्यवस्था मिलाइएको
- डिजिटल डिस्प्लेको निर्माण भई सञ्चालनमा आएको
- सचिवालयको कम्पाउण्डमा कृषि विकास बैंकको एटिएम सञ्चालनउन्मुख अवस्थामा रहेको
- कोरोना भाइरस (कोभिड १९) को संक्रमणको जोखिम न्युनिकरणको लागि कोरोना स्वास्थ्य परीक्षणको व्यवस्था मिलाई परीक्षणबाट नेगेटिभ परिणाम देखिएका व्यक्तिहरुलाई मात्र सभा/ सचिवालयको परिसरभित्र प्रवेश पाउने व्यवस्था गरिएको

## ५.९ प्रदेश लोकसेवा आयोग

- आयोगले आफ्नो पदपूर्ति प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउन अनलाईन पदपूर्ति व्यवस्थापन प्रणाली स्थापना गरी कार्यान्वयनमा रहेको ।
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ ले प्रदान गरेको अधिकार बमोजिम प्रदेश लोक सेवा आयोगलाई आवश्यक पर्ने विभिन्न ५ वटा कानूनहरु निर्माण गरिएको १.(प्रदेश लोक सेवा आयोग नियमावली २०७७,२. प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका २०७७, ३.प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि २०७७, ४.प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन कार्यविधि) २०७७, ५.प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी र दक्ष वा विज्ञ वा विशेषज्ञहरुको आचार संहिता २०७७)
- प्रदेश निजामती सेवा अन्तर्गतका शिक्षा सेवा, वन सेवा, कृषि सेवा, इन्जिनियरिङ्ग सेवा र विविध सेवाका सहायकस्तर चौथो र पाँचौ तथा अधिकृतस्तर छैटौ र सातौं तहका विभिन्न समूहका २७ वटा पदहरुको पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको तथा स्थानीय सरकारी सेवा अन्तर्गत शिक्षा सेवा, कृषि सेवा, विविध सेवा, इन्जिनियरिङ्ग सेवा, न्याय सेवा, प्रशासन सेवाका सहायकस्तर चौथो र पाँचौ तथा अधिकृतस्तर छैटौ तहका कुल ३० वटा पदहरुको पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको।
- मिति २०७७/१२/३० गते स्थानीय सरकारी सेवा अन्तर्गत इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, सहायकस्तर चौथो तह र सहायकस्तर पाचौं तहका पदहरुको कुल १२० संख्यामा आन्तरिक प्रतियोगिता तथा खुला प्रतियोगितात्मक परीक्षाका लागि विज्ञापन प्रकाशन गरिएको।जसमा चौथो तहमा

जम्मा ५६४८ र पाचौं तहमा ४४९९ गरी कुल १०१४७ दरखास्त प्राप्त भएको। परीक्षा शुल्क वापत २०७८ असार मसान्त सम्ममा रु.४४,३२,८३०/-प्राप्त भएको ।

- प्रदेश नं. १ भित्रका सम्पूर्ण स्थानीय तहहरुलाई प्रचलित कानूनी व्यवस्था स्मरण गराउँदै आयोगको परामर्श विना नियुक्ती, वढुवा र विभागीय कारवाही नगर्न नगराउन हुन जानकारी दिने र आयोगको निर्णय कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएको।
- कृषि सेवा, विविध सेवा, इन्जिनियरिङ सेवा र शिक्षा सेवाका सहायकस्तर चौथो र पाचौं तहका विभिन्न पदहरुको (जम्मा संख्या २३०) मिति-२०७८/०४/०४ मा विज्ञापन प्रकाशन गरिएको।

**५.१० प्रदेश योजना आयोग**

- प्रदेश नं. १ को तेस्रो मध्यमकालीन खर्च संरचना (MTEF) २०७८/७९-२०८०/८१ तर्जुमा गरी प्रकाशन गरेको छ ।
- आर्थिक वर्ष २०७७/७८ को लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गरी प्रकाशन गरेको छ ।
- बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरूसँगको समन्वय र सम्पर्क विकासको भूमिका निर्वाह गरेको ।

## परिच्छेद आठ

## कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारका अतिरिक्त संक्रमणको प्रभाव न्यूनिकरण गर्न अबलम्बन गरिएका क्रियाकलापबाट सिर्जना भएको परिस्थितिलाई सामना गर्नका लागि आर्थिक वर्ष २०७७/७८ मा देहाय बमोजिम राहत, सहुलियत, छुट एंव अन्य विभिन्न वित्तीय तथा मौद्रिक उपायहरू अवलम्बन गरी कार्यान्वयन गरिएको थियो।

### ८.१ कर सहुलियत सुविधा तथा छुट

- कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा जरिवाना मिनाहा सम्बन्धी विशेष व्यवस्थाः- (प्रदेश आर्थिक ऐन, २०७७ को दफा १२) घरेलु तथा साना उद्योग कार्यालय र यातायात व्यवस्था सम्बन्धी कार्यालयहरुबाट प्रवाह हुने सेवामा कर, शुल्क, दस्तुर बुझाउनु पर्नेमा कोभिड-१९ को कारणबाट भएको लकडाउनको अवधिमा बुझाउन नसकेको कारणले थप दस्तुर, जरिवाना तथा थप जरिवाना लाग्ने भएमा

कोभिड-१९ को कारण सिर्जित बन्दाबन्दीको कारणले बन्द गरिएको सार्वजनिक यातायात खुलेको साठी दिन भित्र बुझाएमा सो थप दस्तुर, जरिवाना तथा थप जरिवाना मिनाहा दिइएको।

### ८.२ खर्च व्यवस्थापनमा गरिएका प्रबन्ध

- आ.व.२०७६/७७ मा स्थापना गरिएको प्रदेश नं.१ कोरोना जनसुरक्षा कोषमा यस आ.व.मा प्रदेश सरकारको तर्फबाट रु.२० करोड जम्मा गरिएको र अघिल्लो आ.व.को मौज्दात रु.१३ करोड ९५ लाख२७ हजार र संघसंस्था, अन्य स्रोतबाट प्राप्ति भएको रु.४करोड २२ लाख ३ हजार समेत रु.३८ करोड १७ लाख ३० हजार आम्दानी रहेकोमा यस आ.व.मा रु.२४ करोड ८ लाख ७८ हजार खर्च भएको छ।
- आ.व.२०७७/७८ मा कोभिड -१९को प्रभावले गर्दा राजस्व बाँडफाँट, आन्तरिक राजस्व समेत न्यून हुने तथा बढ्दो कोराना महामारीको संक्रमण, रोकथाम र उपचारका लागि खर्च व्यवस्थापन गर्न चालु तथा पूँजीगत तर्फका विभिन्न १६ वटा खर्चशीर्षकमा विनियोजन गरिएको बजेट पूर्ण वा आंशिक रुपमा रोक्का गरिएको थियो।
- कोभिड-१९ संक्रमण रोकथाम तथा उपचार व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायतका निकायहरुबाट सञ्चालित गतिविधिको विषयमा सम्बन्धित मन्त्रालयको प्रगति विवरणमा माथि प्रस्तुत गरिएको छ।

**तालिका ८.१ कोरोना नियन्त्रणमा प्रदेश सञ्चित कोष र कोरोना जनसुरक्षा कोषबाट भएको खर्च**

| विवरण | रकम रु.लाखमा |
|---|---|
| प्रदेश नं.१ कोरोना जनसुरक्षा कोषबाट भएको खर्च | २४०९ |
| कोभिड-१९ संक्रमण तथा अन्य महामारी उपचार व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालय मातहतमा प्रदेश सरकार स्रोतबाट भएको खर्च | २१४१ |
| नेपाल सरकारबाट सशर्त अनुदानमा कोभिड -१९ नियन्त्रण, उपचार व्यवस्थापन तथा जोखिमभत्ता, सामाग्री खरिद लगायत प्रयोजनको लागि प्राप्त रकम खर्च | २२७४ |
| **जम्मा** | **६८२४** |

स्रोतः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१

# परिच्छेद नौ

## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको कुल लागत अनुमान करिब रु.५९ अर्ब ८८ करोड ८९ लाख रहेकोमा खरिद प्रक्रियामा गएरयो प्रतिवेदन तयार गर्ने अवधिसम्म प्राप्त विवरण अनुसार ठेक्का सम्झौताभई दायित्व सृजना भएको रकम जम्मा रु.४४ अर्ब २४ करोड ४३ लाख रहेको छ।

तालिका ९.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण

(रकम रु.लाखमा)

| मन्त्रालय | सिर्जित कुल दायित्व | आ.व.२०७६/७७ सम्मको भुक्तानी | आ.व.२०७७/७८ सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०७८/७९ को विनियोजन |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार विकास मन्त्रालय | ४२३७७९ | ८३१६० | १५२५७७ | २७१२०२ | ६१३५२ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १२३२५ | ६७८३ | १०६५१ | १६७४ | ९४३ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ७०५१ | ७२ | २१८२ | ४८६९ | १६३० |
| **जम्मा** | **४४,३१,५५** | **९,००,१५** | **१६,५४,१०** | **२७,७७,४५** | **६,३९,२५** |

स्रोतः सम्बन्धित विषयगत मन्त्रालय

माथिको तथ्याङ्क अनुसार बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनमा रहेका आयोजनाहरुको ठेक्का सम्झौता, मूल्यसमायोजन, कन्टिन्जेन्सी लगायतबाट सिर्जित दायित्व रु.४४ अर्ब ३१ करोड ५५ लाख मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सिर्जित दायित्व सबै भन्दा बढी रु.४२ अर्ब ३७ करोड ७९ लाख रहेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको बहुवर्षीय दायित्व मध्ये सडक तर्फ सिर्जित दायित्व रु.३४ अर्ब ३५ करोड २० लाख रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत पर्यटन पूर्वाधार विकास आयोजनाहरु ४ वटा र विभिन्न डिभिजन/सब डिभिजन वन कार्यालयहरुको भवन निर्माणका लागि बहुवर्षीय रुपमा आयोजना सञ्चालनमा रहेका छन्। आन्तरिक मामिला तथा कानून मन्त्रालयले विगत आर्थिक वर्षमा प्रदेश नं.१ प्रहरी कार्यालय लगायत विभिन्न जिल्ला तथा इकाई प्रहरी कार्यालयहरुको ४९ वटा प्रहरी चौकी निर्माणका लागि बहुवर्षीय खरिद प्रक्रियाबाट निर्माण सुरु भएकोमा आ.ब.२०७७/७८ सम्ममा ४२ सम्पन्न र बाँकिको ६०% कार्य सम्पन्न भएको छ।

बहुवर्षीय आयोजनाहरुको सिर्जित दायित्व मध्ये आ.व.२०७७/७८ सम्म रु.१६ अर्ब ५४ करोड १० लाख भुक्तानी भई रु.२७ अर्ब ७७ करोड ४५ लाख भुक्तानी बाँकी रहेको छ। चालु आ.व.२०७८/७९ मा रु.६ अर्ब ३९ करोड २५ लाख मात्र विनियोजन भएको छ। निर्माणाधीन बहुवर्षीय आयोजनाहरु अधिकांश चालु र आगामी आर्थिक वर्षमा सम्पन्न हुने चरणमा रहेको हुँदा सम्पन्न कार्यको बिल भुक्तानी गर्न स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

## परिच्छेद दश

## बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू

बजेट सार्वजनिक वित्त व्यवस्थापनको अभिन्न अङ्ग हो। बजेट तर्जुमा गर्दा प्राथमिकता र सिद्धान्त निश्चित गरी प्रदेशको आर्थिक अवस्था र आवश्यकतालाई ध्यान दिई सीमित स्रोत र साधनलाई उच्चतम उपयोग गर्नेगरी आर्थिक तथा राजनैतिक दस्तावेजको रूपमा सरकारको नीति तथा कार्यक्रमको आधारमातर्जुमा गरिन्छ। बजेट कार्यकारिणी माथि जनप्रतिनिधिहरूको नियन्त्रण हो। सार्वजनिक बजेटले आम्दानी, खर्च लगायतको पक्षलाई समेटेको छ। प्रदेश सभाबाट पारित भएको बजेट क्षेत्रगत मन्त्रालय/आयोगबाट स्वीकृत वार्षिक वजेट र कार्यक्रम अनुसार कार्यान्वयन

गरिन्छ। प्रदेशका मन्त्रालय तथा निकायबाट खर्च भएको रकमको प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट आन्तरिक लेखापरीक्षण र महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी मूल्याङ्कन गर्ने गरिएको छ।

## ९.१ बजेट तर्जुमामा देखिएका समस्याहरू

### (क) स्रोत अनुमान तथा परिचालनमा विद्यमान समस्याहरूः

- प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रकम न्यून रहेको।
- प्रदेशको आन्तरिक आयको दायरा सीमित हुनु।
- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त नहुने भएकोले तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न नसकिएको।
- राजस्व असुल गर्ने निकायहरूबीच सुचना आदानप्रदान र समन्वयको कमी रहनु।
- वैदेशिक सहायताको सम्पूर्ण हिस्सा राष्ट्रिय तथा प्रादेशिकबजेटमा समावेश नहुनु।
- आ.व.२०७७/७८ मा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त स्रोत उपलब्ध नभएकोले स्वीकृत भएका सबै कार्यक्रम कार्यान्वयन हुन नसकेको।
- नेपाल सरकारसँग ऋण नगद मौज्दात एवम् आन्तरिक आयको स्रोत अनुमान गर्दा स्रोत प्राप्ति हुने सुनिश्चित नभएकोलाई समेत बजेटमा समावेश गरिनु।
- राजस्व परिचालनका कतिपय विषयमा संघ, प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्रको अस्पष्टता रहेको। (जस्तैः दहत्तर बहत्तरको रोयल्टी/शुल्क, वन पैदावर/पर्यटन शुल्क, ट्राफिक दण्ड जरिवाना, मालपोत आदि।)

### (ख) विनियोजन दक्षतामा देखिएका समस्याहरूः

- बजेट विनियोजनका लागि पर्याप्त गृह कार्य नगर्नु।
- अनिवार्य दायित्व व्यवस्थापन गरेर मात्र अन्य खर्चका लागि रकम विनियोजन गर्नुपर्ने भएकोले विकास खर्चलाई कम विनियोजन हुनु।
- प्राविधिक अध्ययन र तयारीविना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु।
- कार्यान्वयन क्षमता नहेरी बजेट विनियोजन गरिनु।
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना रहनु।
- विगतमा व्यवस्था नगरिएको दायित्व भुक्तानीमा ठूलो रकम खर्च गर्नु परेकोले नयाँ आयोजनामा पर्याप्त विनियोजन हुन नसक्नु रविगतमा सिर्जित दायित्वकोभुक्तानी गर्न बजेट व्यवस्था नगरी थप रकममाग गर्ने प्रवृत्ति रहनु।
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम बीच तादाम्यताकायम नहुनु।
- बजेट प्रस्ताव गर्दा कार्यक्रम र क्रियाकलापहरूको पहिचान नगरी बाँडफाँट नगरी राख्ने र लामो समयसम्म पनि बाँडफाँट र क्रियाकलाप निर्धारण नगर्ने प्रवृत्ति कायमै रहनु।
- बजेट विनियोजनमा कानूनी प्रावधानको पालना कमजोर रहनु।
- ठूला र प्राथमिकताका आयोजनामा कम मात्र विनियोजन गरि पछि थप बजेट माग गर्ने प्रवृत्ति रहनु।

- प्रदेश सरकार अन्तरगतका निकायहरुमा दक्ष र पर्याप्त प्राविधिक कर्मचारीको अभाव।

(ग) **आयोजना छनौट र प्राथमिकीकरणमा देखिएका समस्याहरूः**

- आयोजना छनौटका आधार, विधि र मापदण्ड तहगत सरकारमा एकरूपता नहुनु,
- तीन तहबीच आयोजना वर्गिकरण सम्बन्धी मापदण्ड पालना नगरिनु।
- हरेक वर्ष साना र टुक्रे नयाँ आयोजना थप्ने प्रवृत्ति कायम रहनु।
- अन्तरनिकाय समन्वय नहुँदा आयोजनामा दोहोरोपना कायमै रहनु।
- प्राविधिक सम्भाव्यता अध्ययन विना आयोजना/कार्यक्रमहरूमा बजेट प्रस्ताव तथा विनियोजन हुनु।
- प्रदेशको आयोजना बैंक र आयोजना प्राथिमिकीकरण गर्ने प्रणाली सुरुवात नहुनु।
- बहुवर्षीय ठेक्का अन्तरगत निर्माणाधीन आयोजनाको लागि पर्याप्त विनियोजन हुन नसक्नु।
- सालबसाली आयोजनामा अपर्याप्त रकम विनियोजन भई समयमै सम्पन्न नहुन र लागत बढ्नु।

## ९.२ बजेट कार्यान्वयनमा देखिएका समस्याहरू

(क)**चालु खर्चलाई वाञ्छित सीमामा राख्न नसक्नुः**

- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाटै हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय गठन गरिँदा प्रशासनिक खर्चको भार बढ्दै गइरहेको।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च गर्ने गरिएको।
- प्रशासनिक खर्च, भ्रमण, सेमिनार, बैठक, तालिम जस्ता खर्चहरू प्रत्येक वर्षमा वृद्धि हुनु तथा अस्वस्थ प्रतिस्पर्धा हुनु।
- विभिन्न व्यक्ति तथा संस्थालाई दिइने अनुदानको वस्तुगत मापदण्ड तथा वर्गीकरण नहुनु।
- सवारी साधन सञ्चालन र मर्मत खर्च बढ्दै जानु।
- फाजिलमा रहेका वा कामको चाप कम भएका निकायमा रहेका कर्मचारीहरूलाई रिक्त पदमा काम नलगाई अस्थायी तथा करार पदपूर्ति गर्ने प्रवृत्ति देखिनु।

(ख) **आयोजना कार्यान्वयन क्षमता कमजोर हुनुः**

- अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बन्न नसक्नु।
- संघ, प्रदेश रस्थानीय तहमाकर्मचारी समायोजन भएतापनि व्यवस्थापन नहुँदा कतिपय आयोजना प्रभावित हुनु।
- आयोजना/परियोजना प्रमुखहरूको बारम्बार परिबर्तन भइरहनु।
- निर्णय गर्दा जोखिम लिने क्षमता ह्रास हुनु र खर्च नगर्दा/ आयोजना सम्पन्न नगर्दाको उत्तरदायित्व बहन गर्ने प्रणाली कमजोर रहनु।

- कर्मचारीहरूको कार्यसम्पादनलाई निजको वृत्ति बिकास, पुरस्कार, दण्ड र कार्यसम्पादन मापनको आदिको मूल्याङ्कनको वस्तुगत आधार बनाउन नसक्नु, वस्तुगत आधारको निर्धारण र सोको कार्यान्वयन पक्ष कमजोर रहेको छ।
- निर्माणसँग सम्बन्धित आयोजनाको Alignment समय समयमा परिवर्तन हुनु।
- अन्तर निकाय समन्वय/सहयोग कमजोर रहनु।
- स्थानीय तहमा जग्गा, जग्गाको मुआब्जा, स्थानीय प्राकृतिक स्रोतको उपयोगको विवाद र वातावरणीय परिक्षणको टुङ्गो नलगाई आयोजना शुरू गर्नु।

**(घ) निर्माण व्यवसायीको व्यवसायिक क्षमता कमजोर हुनुः**

- व्यवसायीहरूको क्षमताको परिक्षण नगरी ठेक्का दिंदा समयमा काम सम्पन्न नहुनु।
- न्यूनतम रकममा ठेक्का बोल कबोल गर्ने, ठेक्का ओगट्ने र पछि ठेक्का छाड्ने तथा Variation हुने प्रवृत्ति कारण तोकिएको समयमा कार्य सम्पन्न नहुनु।
- अनुगमन र सुपरीवेक्षणपछि पनि सम्बन्धित निर्माण स्थलमा समस्या समाधान नहुनु।

## ९.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या

- नगदमा आधारित लेखा प्रणालीका कारण सबै आम्दानी खर्च, सम्पत्ति र दायित्वको एकीकृत हिसाब आउन नसक्नु।
- वैदेशिक सहायताको शोधभर्ना समय मै गर्ने प्रवृत्ति नहुनु।
- प्रत्यक्ष भुक्तानी र वस्तुगत सहायताको समयमै प्रतिवेदन प्राप्त हुन नसक्नु।
- आर्थिक वर्षको अन्त्यमा मात्र भुक्तानी दिने प्रवृत्तिले आर्थिक वर्षको अन्त्यमा बढी खर्च देखिनु।
- सूचना प्रविधिमा आधारित तीन तहको एकीकृत सफ्टवेयर अभाव हुनु।
- प्रदेश र स्थानीय तहको आम्दानी र खर्चको एकीकृत विवरण तयार गर्न कठीन हुनु।
- Off Budget off Treasuryमा वैदेशिक सहायताका कार्यक्रमसञ्चालनगरिनु।
- दातृ निकायबाट प्रतिवद्धता अनुसार सहयोग सोधभर्ना प्राप्तनहुँदा खर्च भएको रकम प्रदेशलाई अनुदानको रुपमा निकासा नहुनु।

## ९.४ बजेट तर्जुमामा गर्नु पर्ने सुधारहरू

**(क) स्रोत आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउनेः**

- प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँटको अनुपात, संघ अनुदानको रकम बढाउन पहल गर्नुपर्ने।
- प्रदेशको आन्तरिक आय अभिवृद्धि गर्न कानूनी तथा संस्थागत सुधार गर्ने।
- स्थानीय तहबाट संकलन भई प्रदेशलाई प्राप्त हुनुपर्ने राजस्व बाँडफाँट संकलनलाई प्रभावकारी बनाउने।
- सवारी साधन कर संकलनलाई अनलाईन प्रणालीमा बनाई राजस्व संकलनमा सहजता अभिवृद्धि गर्ने।
- घरजग्गा रजिष्ट्रेशनलाई वास्तविक कारोबारमा आधारित बनाउने।

- संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त गरी तोकिएको समयभित्रै बजेट तर्जुमाको कार्य प्रारम्भ गर्न सम्बन्धित निकायमा समन्वय गर्नुपर्ने।
- राजस्व चुहावट नियन्त्रण, करदाता शिक्षा, वित्तीय अनुशासन लगायतको पक्षमा कानूनी व्यवस्था तथा संस्थागत सुधार गर्ने।
- दीर्घकालीन सोच सहितको राजस्व परिचालन नीतिको तर्जुमा गर्ने र राजस्व वृद्धिको प्रक्षेपण गर्दा बढोत्तरीको सिद्धान्तका आधारमा नभई कराधारका आधारमा गर्ने प्रणाली बनाउने।
- विकास सहायता परिचालन सम्बन्धी प्रदेशको नीति तथा कार्यविधि तर्जुमा गरी वैदेशिक सहायतालाई प्रदेशको प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रिकृत गर्ने।

**(ख) विनियोजन कुशलता बढाउनेः**

- दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने।
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा परेका आयोजना/कार्यक्रमको वर्गीकरण गरी सम्बन्धित तहले बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।
- मध्यमकालीन खर्च संरचना(Medium Term Expenditure Framework- MTEF)लाई यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्ने।
- स्रोत सहमति भएका वा निर्माणाधीन बहुवर्षीय आयोजना र प्राथमिकता प्राप्त आयोजनालाई बजेट सीमा प्रदान गर्दा नैEarmark गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजना कार्यान्वयनको पूर्व तयारीका कार्यहरू (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, वातावरणीय परिक्षण, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरूमा रकम विनियोजन नै नगर्ने नीति अवलम्वन गरी आयोजना प्रवेशमा गुणस्तर कायम गर्ने।
- सवारी साधन, सरकारी भवन, कार्यालय सामाग्री तथा उपकरणहरू समेतको खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने।
- सहमति प्रदान गरिएका आयोजना/कार्यक्रमकहरूको लागि आवश्यक पर्ने पर्याप्त रकम सम्बन्धित निकायले नियमित बजेट सीमाबाट प्रस्ताव गर्ने र त्यसरी प्रस्ताव नगरेमा आर्थिक वर्षको बीचमा सो बापत नपुग हुने रकम निकासा नदिने।
- आयोजनाको पुनरावलोकन गरी संख्या घटाउने। तत्काल नयाँ आयोजना सकेसम्म थप नगर्ने।
- आयोजना बैंक स्थापना गरी सोमा समावेश भएका आयोजनाहरूका लागि मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने।
- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने ।

## ९.५ बजेट कार्यान्वयनमा गर्नु पर्ने सुधारः

**(क) आयोजना कार्यान्वयनको सहज वातावरण तयार गर्नेः**

- आर्थिक वर्षको शुरुदेखिनै पूर्ण रूपमा बजेट कार्यान्वयनमा लाग्ने गरी बजेट सार्वजनिक भए पछिपूर्व तयारीका कार्यहरू प्रारम्भ गरी असार मसान्तभित्र सम्पन्न गर्ने व्यवस्था गर्ने।
- आर्थिक वर्षको मध्यमा नयाँ कार्यक्रममा बजेट माग गर्ने प्रवृत्तिको अन्त्य गर्ने।
- आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, कार्यक्रम तालिका गुणस्तर र प्रतिफल लगायतका शर्तहरू राखि कार्यसम्पादन सम्झौता गर्ने।
- आयोजना/परियोजनामा कर्मचारीको सरुवालाई अनुमान योग्य बनाउने।
- कार्य सम्पादन करार सम्झौता अनुसार कार्यान्वयन गर्न नसक्ने र खर्च गर्न नसक्ने पदाधिकारीलाई भविष्यमा आयोजना/कार्यक्रम प्रमुखको जिम्मेवारी नदिने व्यवस्था गर्ने।
- ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्थापन सहज बनाउने।
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रुख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने।

**(ख) आर्थिक अनुशासनलाई थप सुदृढ बनाउने:**

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक स्वीकृत गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने।
- सरकारी खर्चमा मितव्ययीता कायम गर्ने निर्देशिकाको परिपालना गर्ने।
- बजेट कार्यान्वयन सम्बन्धी मापदण्डहरू र मार्गदर्शनको पूर्ण परिपालन गर्ने।
- आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गर्ने। काम सम्पन्न भएपछि प्राप्त विलको तोकिएकै समयमा भुक्तानी दिने।
- थप आर्थिक दायित्व सिर्जना हुने विषयमा अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्ने।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाई विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने।

**(ग) सूचना प्रबिधि प्रणालीमा थप सुधार गर्ने:**

- बजेट, खर्च, राजस्व, लेखा सम्बन्धी प्रयोगमा रहेका सफ्टवेयरहरु PLMBIS, TSA, RMIS, CGAS, PAMS लगायतका प्रणालीहरुको तथ्याङ्क, डाटावेशमा पहुच हुनेगरी, प्रदेशकै निकायबाट सानातिना त्रुटि सच्याउन क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम, प्रविधि उपलब्ध गराउनका लागि संघीय सम्बन्धित निकायसँग समन्वय गर्नुपर्ने।
- सार्वजनिक वित्त व्यवस्थापनमा प्रयोग भइरहेकाPLMBIS, TSA, RMIS, CGAS, SUTRAलगायतलाई एकीकृत ( Integration)गर्ने।
- आयोजनाको वित्तीय,भौतिक तथा व्यवस्थापकीय प्रगति देखिने आयोजना व्यवस्थापन सूचना प्रणलीको (Project Management Information System)विकास गर्ने।
- सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने।
- निर्माण सम्पन्न भएका आयोजनाहरूकोTechnical Auditलाई प्रभावकारी बनाउने।
- तीनै तहको सरकारको आम्दानी, खर्च र ऋणको एकीकृत प्रतिवेदन तयार गर्ने।

**(घ)आयोजना कार्यान्वयनको प्राविधिक र प्रशासकिय क्षमता अभिवृद्धिमा जोड दिनेः**

- खर्च गर्ने प्राविधिक र व्यवस्थापकीय दक्षता/क्षमता विकास गर्न जनशक्ति विकास र परिचालनमा जोड दिने।
- निर्माण व्यवसायीहरूको व्यवसायिकता बढाउन सरकारले सहयोग गर्ने। निर्माण व्यवसायीहरूकोCapacity Auditगर्ने प्रणालीको शुरुवात गर्ने।
- आयोजनासम्बद्ध जनशक्ति र प्राविधिकलाई क्षमता विकासमा मापदण्डसहित तालिम र प्रशिक्षण दिने।
- बजेट विनियोजन गरेर सम्बन्धित खर्च शीर्षकबाट खर्च गर्न सकिने कार्यको लागि आयोजनाको प्रशासनिक कन्टिन्जेन्सी रकमबाट गैह्रबजेटरी रुपमा खर्च नगर्ने।

**(ङ) अभिलेख, प्रतिवेदन तथा लेखाप्रणालीमा सुधार गर्नेः**

- बजेट कार्यान्वयन प्रगतिको प्रतिवेदन पेश गर्ने प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने। समय मै प्रतिवेदन पेश भए/नभएको जिम्मेवार पदाधिकारीले अनुगमन गरी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम गर्ने।
- स्पष्ट अधिकार र जिम्मेवारी सहितको छुट्टै अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र विकास गरेर परिचालन गर्ने। अनुगमन मुल्याङ्कन गर्दा समन्वयात्मक रूपमा नतिजामूखी हुने गरी गर्ने।
- वैदेशिक सहायता परिचालन गर्न सम्झौता गर्दाकै वखत पालना गर्नुपर्ने शर्तहरूका विषयका बारेमा स्पष्ट हुने।
- आयोजनाहरूको अनुगमन र नियमन प्रभावकारी बनाउन प्राविधिक परीक्षण प्रयोगशाला स्थापना गर्ने।
- निर्माण आयोजनाको गुणस्तरमा सुधार ल्याउन निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष सम्मकै मर्मतको जिम्मेवारी निर्माण ब्यवसायीलेनै व्यहोर्नु पर्ने व्यवस्था गर्ने।
- एकल खाता प्रणालीबाट भुक्तानी आदेशको माध्यमबाट नै खर्चको वर्गीकरणको आधारमा लेखा तयार हुने र सम्पत्ति र दायित्वको लेखाङ्कन गर्ने सूचना प्रणाली विकास स्वःचालित रूपमा लेखाङ्कन प्रतिवेदन हुने गरी प्रणाली विकास गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने।

**९.६ प्रदेशका बहुवर्षीय आयोजना कार्यान्वयनका समस्या र समाधानका उपायहरू**

**समस्याहरू**

- प्रदेशका प्राथिमिकता प्राप्त र ठूला तथा बहुवर्षीय आयोजनाहरु छनौटगर्ने मापदण्ड/कानून नहुनु।
- बहुवर्षीय आयोजनाहरुको निर्माण कार्यलाई निरन्तरता दिन र सिर्जित दायित्व भुक्तानी गर्न रकम अभाव भएकोले अपेक्षित प्रगति हासिल हुन नसकेको।
- आयोजनाको निर्माण गर्ने मोडालिटी,कुल लागत, समयावधि, जग्गा प्राप्ति/मुआब्जा, पुनर्वास र विस्तृत प्रतिवेदन जस्ता आधारभूत विषयहरू तयार नभई राष्ट्रिय गौरवका आयोजनाहरूको रूपमा आयोजना वर्गीकरण हुनु।

- निर्माण मूल्याङ्कनहरूको प्राविधिक, वित्तीय व्यवस्थापकीय क्षमता परीक्षण नगरी ठेक्का लगाउनु, नियमित अनुगमन मूल्याङ्कन नगरिनु तथा तोकिएको समयमा कार्य सम्पन्नगर्न सहजीकरण गर्न र निर्माण व्यवसायीहरूलाई बाध्य पार्न नसक्नु।
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीहरूको अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु।
- निर्माणस्थलको साइट क्लियरेन्स नहुँदै ठेक्का सम्झौता गरिनेकारणले निर्माण व्यवसायीले नियमित रूपमा काम गर्न नपाउँदा पटक पटक म्याद थप गरी भेरिएसन समेत दिनुपर्ने अवस्था देखिएकोले आयोजनाको लागत बढ्दैजाने अवस्था सिर्जनाभएको।
- आयोजना स्थलका बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध हुने गरेको।
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत वृद्धिहुने गरेको।
- आयोजनाको स्वीकृति तथा निर्माणको चरणमा पनि आयोजनाको लागि लाग्नेस्रोततथा मोडालिटी तय नहुँदा आयोजना समयमा नै सम्पन्न नभई लागत समेत वृद्धि हुने गरेको।
- बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्न विनियोजनले अपुग भईरहेको अवस्थामा बचत रकम वा आयोजनाको कन्टिन्जेन्सी रकम सम्बन्धित आयोजना बाहेक अन्य कार्यमा खर्च गरिनु।
- आयोजना सञ्चालन गर्ने निकायहरू, अन्तरतह र स्थानीय सरोकारवालाहरूबीच समन्वय नहुनु।

**समाधानका उपायहरू**

- ठूला र रूपान्तरणकारी आयोजनाको प्रतिफल, लागत, समयसहित अन्य पूर्व तयारी गरेर मात्र प्रादेशिक प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजनाको रूपमा घोषणा गर्ने।
- बहुवर्षीय आयोजना सञ्चालन गर्दा प्रदेशको स्रोत तथा वित्तीय क्षमतालाई विश्लेषण गरेर मात्र आयोजना सञ्चालन प्रक्रिया सुरु गर्ने।
- विस्तृत परियोजना प्रतिवेदन समयमा नै तयार गरी समयबद्ध कार्ययोजनाका आधारमा आयोजना सञ्चालन गर्ने। आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्ति नदोहोऱ्याउने।
- समयमै आयोजना कार्यान्वयन र सञ्चालन ढाँचा निर्धारण गर्ने एवम्वित्तीय स्रोत साधनको व्यवस्थापन उचित ढङ्गबाट गर्ने।
- आयोजना कार्यान्वयनको लागि उच्चस्तरको व्यवस्थापकीय र प्राविधिक जनशक्तिव्यवस्था गर्ने।
- आयोजनामा क्रियाकलापहरूको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकका आधारमा कार्यसम्पादन सम्झौता भएकोमात्यसको समीक्षा गरी सम्बन्धित आयोजना प्रमुखलाई जिम्मेवार र जवाफदेही बनाउने।
- आयोजना सञ्चालनको व्यवस्थापकीय र प्राविधिक क्षमता वृद्धिमा जोड दिने।
- प्रदेशको बहुवर्षीय आयोजना व्यवस्थापन तथा सञ्चालनसम्बन्धी छुट्टै कानूनी प्रबन्ध गर्ने।
- पर्याप्त कारण विनानै आयोजना प्रमुख लगायत आयोजनामा खटिएका कर्मचारीहरू छिटो छिटो परिवर्तन नगर्ने।

- बहुवर्षीय आयोजनाहरूको कानूनी विवाद, स्थानीय अवरोध एवम्खरिदसम्बन्धी विषयहरूमा द्रुत गति निर्णय गर्ने व्यवस्था मिलाउने। आयोजनाको शुरुवाती चरणमानै स्थानीयसँग छलफल गरी सहमतीमा ल्याउने।

- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रवन्धमा आधारित प्रणाली लागू गर्ने।

- आयोजना प्रमुखलाई समय, लागत र गुणस्तर प्रति जिम्मेवार बनाउन कार्य सम्पादन स्तरलाई Gradingगर्ने प्रणाली विकास गर्ने।आयोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहका बीच उच्चतम समन्वय कायम गर्ने।

## ९.७ अन्तर सरकारी वित्त हस्तान्तरणमा देखिएका समस्या र समाधानका उपायहरू

**समस्याहरू**

- स्थानीय तहको विनियोजन, आम्दानी र खर्चको एकिकृत विवरण प्राप्त हुन नसकेको।

- संघीय सरकारले बजेट तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग छलफल गर्ने परिपाटी नहुँदा बजेट कार्यान्वयनमा प्रदेश र स्थानीय तहको अपनत्वको कमी रहेको।

- प्रदेश र स्थानीय तहमा परियोजना बैंक नहुँदा नयाँ नयाँ र साना आयोजनामा बजेट छर्ने प्रवृत्ति कायमै रहेको।

- संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम र आयोजनामा दोहोरोपन कायम रहनु।

- सशर्त अनुदानबाट सञ्चालन हुने आयोजनामा पर्याप्त बजेट प्राप्त नहुदा कार्य अधुरो रहने र सिर्जित दायित्व भुक्तानीमा स्रोत अभाव हुनु। थप रकम माग गर्दा समयमै र पर्याप्त रकम प्राप्त नहुनु।

- प्रदेश तहले नेपाल सरकारको आयोजना/कार्यालयमा समेत बजेट विनियोजन गर्ने कारण स्रोतको परिचालनमा दोहोरोपन र उत्तरदायित्वमा जटिलता सिर्जना भएको।

- संघीय सरकारका निकायहरूबाट प्रदेश र स्थानीय तहलाई हस्तान्तरण गरिने सशर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकायहरूको तदारूपता नहुँदा हस्तान्तरणपछि संघीय सरकारका निकायहरूले बजेट कार्यान्वयनको दायित्व पन्छिएको महशुस गर्नु।

**समाधानका उपायहरू**

- प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत गर्ने।
- बजेट तर्जुमा एवम् छनौट र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न परियोजना बैंक (Project Bank)लाई आधार लिई आयोजना तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन तथा रिपोटिङ्गमा तीनै तहका बीचमा यथोचित सहकार्य र समन्वय गर्ने।

- मध्यकालीन खर्च संरचनाका आधारमा खर्च र प्रतिफललाई पूर्वानुमानयोग्य बनाउने।

- संविधानको अनुसूची अनुसारको कार्यहरू गर्ने गरी संगठन संरचना, कर्मचारी व्यवस्थापन तथा कर्मचारीको दक्षता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहमा नागरिकको न्यायपूर्ण सहभागिता सुनिश्चित गर्ने।

- खर्च आवश्यकता तथा राजस्व सम्भाव्यताको लेखाजोखा गर्दै प्रदेशको आन्तरिक राजस्व संकलन र वित्तीय स्रोतपरिचालनमा आत्मनिर्भर हुने ।

- प्रदेशको तथ्याङ्कलाई विश्वसनीय र भरपर्दो बनाई प्राथमिक तहको तथ्याङ्कको रूपमा लिने।
- प्रदेश र स्थानीय तहको चालु खर्चलाई वाञ्चित सिमा भित्र राख्दै पूँजीगत खर्चमा गुणात्मक वृद्धि गर्ने।
- उत्तरदायी आर्थिक व्यवस्थापन गर्दै वित्तीय सुशासन कायम गर्न सामाजिक उत्तरदायित्वका उपायहरू अवलम्वन गर्ने।

# निष्कर्ष

आर्थिक वर्ष २०७७/७८ बजेट कार्यान्वयनको हिसाबले चुनौतीपूर्ण रह्यो। अघिल्लो आर्थिक वर्षको बाँकी भुक्तानी, संघ बचत अनुदान फिर्ता, बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी, बजेटमा स्रोत राखिएका क्षेत्रमा न्यून वित्तीय स्रोत प्राप्ति अनुसार बजेट सन्तुलन र कोभिड-१९ संक्रमण नियन्त्रण, रोकथाम र उपचार व्यवस्थापनमा केन्द्रित गर्नुपर्ने भएकोले आर्थिक वर्षको पहिलो त्रैमासिकमा नै बजेट व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार मन्त्रिपरषद्को निर्णयानुसार प्रदेश स्रोत तर्फ विनियोजनको आधाबाट खर्च व्यवस्थापन र केही खर्च शीर्षकहरुको बजेट रोक्का गरिएको थियो। यसका साथै ठेक्का सम्झौता भईसकेका बाहेक कुनै पनि नयाँ आयोजनाको खरिद प्रक्रिया अगाडि नबढाउने समेत निर्णय भएको थियो। कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न चालिएका कदमहरूका कारण आर्थिक क्रियाकलाप प्रभावित भएको हुँदा सरकारी खर्च र राजस्व परिचालन समेत अपेक्षाकृत हुन सकेन। प्रदेश नं.१को आ.व.२०७७/७८ को सरकारी खर्चतर्फ विनियोजनको ६४.४ प्रतिशत र राजस्व तथा अनुदानतर्फ लक्ष्यको ७५प्रतिशत प्रगति रहन पुग्यो। स्रोतको दृष्टिकोणले अन्य प्रदेश भन्दा कम आय भएतापनि सीमित स्रोत साधनको परिचालनबाट पनि प्रदेश नं.१ अरु प्रदेश भन्दा बढी खर्च गर्न सक्ने प्रदेशको रुपमा रहेको छ।

प्रदेशको आयको ठूलो हिस्सा संघ अनुदानमा नै निर्भर रहनु र प्रदेशको आन्तरिक राजस्वको दायरा सीमित हुनु, बाँडफाँटबाट प्रदेशलाई प्राप्त हुने राजस्व समेत प्राप्त नहुनुराजस्व परिचालनका प्रमुख चुनौतीका रूपमा विद्यमान छन्। प्रदेशमा विकासको माग र ठेक्का प्रक्रियाबाट दायित्व सृजना भएको बढ्दो सार्वजनिक खर्चलाई व्यवस्थापन गर्न संघ वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउनुका साथै आन्तरिक राजस्वमा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ भने सार्वजनिक खर्चलाई पर्याप्त विश्लेषण गरी उत्पादनमूलक क्षेत्रमा मात्र परिचालन गर्ने नीति लिनु पर्ने देखिन्छ। सार्वजनिक खर्चतर्फ प्रादेशिक महत्वमा प्राथिमिकता प्राप्त एवम् बहुवर्षीय आयोजना लगायतका ठूला पूर्वाधार आयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ।

आर्थिक वर्ष २०७७/७८ मा वित्त व्यवस्थापन सुधारको दृष्टिकोणले महत्वपूर्ण रहेको छ। विगत वर्षहरुमा भएका त्रुटि सच्याई वित्त व्यवस्थापनलाई नयाँ गतिमा अगाडि बढाउने अवसर समेत प्राप्त भएको छ। कोभिड-१९ संक्रमणले मुलुकको अर्थतन्त्रमा प्रभाव पर्दा राजस्व संकलन प्रभावित भएतापनि सार्वजनिक खर्चमा गरिएको सावधानी, संघबाट थप सशर्त अनुदान प्राप्तिले गर्दा आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोष अनुकूल रह्यो। सार्वजनिक खर्चमा मितव्ययीता एवम् प्रभावकारी अभिवृद्धिका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बजेट व्यवस्थापन सम्बन्धमा गरिएको परिपत्र, बजेट सम्बन्धी मार्गदर्शन र खर्च सम्बन्धी मापदण्डको परिचालनमा जोड दिइएकाले वित्त सन्तुलनमा सकारात्मक प्रभाव परेको छ।

आयोजना छनौटमा प्रभावकारीता अभिवृद्धि गरी गुणस्तरीयता कायम गर्ने, चालु खर्चमा नियन्त्रण गर्ने र संघबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदान तथा स्थानीय तहमा जाने वित्त हस्तान्तरणलाई अधिकतम ढंगले परिचालन गर्नुपर्ने देखिन्छ। आगामी दिनमा प्रदेश सरकारको वित्त घाटा हुन नदिई वित्तीय अनुशासन कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापनतर्फ विशेष प्रयत्न गर्नुपर्ने देखिन्छ।

# अनुसूचीहरू

# अनुसूची-1

आ को ७८/२०७७.व.कायम बजेट विनियोजन

(रु.लाखमा)

| क्र.सं. | मन्त्रालय/निकाय | सुरु विनियोजन | रकमान्तर घट | रकमान्तर थप | संघ सशर्त अनुदान थप | कायम भएको बजेट |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका सचिवालय | २३५० | - | - | - | २३५० |
| २. | प्रदेश लोकसेवा आयोग | ५५९ | | | | ५५९ |
| ३. | मुख्य न्यायाधिवक्ता कार्यालय | १८६ | | | | १८६ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७५८१ | - | २००० | - | ९५८१ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५९८२ | - | २४८३६ | - | ३०८१८ |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३४९३९ | - | - | १०३१ | ३५९७० |
| ७. | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३८३१६ | ३१७ | - | - | ३७९९९ |
| ८. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १२७४१ | २८६० | - | - | ९८८१ |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १७९३३० | - | १८३६५ | २१००१ | २१८६९६ |
| १०. | सामाजिक विकास मन्त्रालय | ५३०२१ | १०० | ३४ | ३०५४ | ५६००८ |
| ११. | प्रदेश योजना आयोग | ४२२ | - | - | - | ४२२ |
| १२. | अर्थ विविध | ४४६९० | ४३७६७ | - | - | ९२३ |
| १३. | स्थानीय तह | २८८८२ | - | १८१० | - | ३०६९२ |
| जम्मा | | ४०८९९९ | ४७०४५ | ४७०४५ | २५०८६ | ४३४०८५ |

## अनुसूची- 2

### आ.व. २०७७।७८/ को बजेट समर्पण विवरण

(रु.लाखमा)

| सि.नं. | मन्त्रालय | प्रदेश र वित्तीय समानीकरण स्रोतको सुरु विनियोजन | बजेट समर्पण | समर्पण बाहेकको बजेट(प्रदेश स्रोत तर्फ) | समर्पण प्रतिशत |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २३५० | ४५ | २३०५ | २ |
| २ | प्रदेश लोक सेवा आयोग | ५५९ | ७६ | ४८३ | १४ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८६ | ९ | १७७ | ५ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३४५४ | १६९१ | १७६३ | ४९ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५९८२ | ४२०१ | १७८१ | ७० |
| ६ | उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३२७९२ | १६३९६ | १६३९६ | ५० |
| ७ | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३१६२५ | १५६९४ | १५९३१ | ५० |
| ८ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १२७४१ | ६३३६ | ६४०५ | ५० |
| ९ | भौतिक पूर्बाधार विकास मन्त्रालय | १३९१४१ | ६६०२८ | ७३११३ | ४७ |
| १० | सामाजिक विकास मन्त्रालय | ३५०२१ | १०६२७ | २४३९४ | ३० |
| ११ | प्रदेश योजना आयोग | ४२२ | ८२ | ३४० | १९ |
| १२ | अर्थ विविध | ४४६९० | ० | ४४६९० | ० |
| १३ | स्थानीय तह | २८८८२ | ० | २८८८२ | ० |
| | **जम्मा** | ३३७८४५ | १२११८४ | २१६६६१ | ३६ |